# मनोभाव

(काव्य)

विष्णुप्रसाद पन्त

२०८०

**कृति** : मनोभाव

**विधा** : काव्य

**लेखक** : विष्णुप्रसाद पन्त

**सर्वाधिकार** : लेखकमा

**प्रकाशन मिति** : २०८० फागुन १

**प्रकाशित प्रति** : ५०१

**प्रकाशक** : लेखक स्वयं

**संस्करण** : प्रथम

**ले–आउट** : दीपेन्द्र बस्नेत

**मुद्रण** : सूर्योदय छापाखाना हाँडिगाउँ, काठमाडौँ
फोन : ०१-४५३४९७१

मूल्य रु. १५०/-

---

***'MANOBHAB'***

**by : Bishnu Prasad Panta**

**ISBN : 978-9937-1-6131-2**

# 'मनोभाव'प्रतिको काव्यगत अवधारणा

**ठाकुर शर्मा भण्डारी**

विद्या-विधान झैँ लाग्ने जीवन्त कविताहरू
कविको भावना खुल्ने मनोहारी सुधा-तरु ।
यो हो जीवन-यात्राको सुखानुभूति छन्दमा
यो हो कर्तव्यको साँचो रचिएको विधानमा ।१।

संसार-सार बर्साई कविताभित्र ल्याउँदा
मान्छेको मन माभिन्छ काव्य-प्रेम सजाउँदा ।
'मनोयोग' गराएर 'मनोभाव' उदाउँछ
रस-माधुर्यका साथ स्रष्टाको भाव आउँछ ।२।

'विष्णु-प्रसाद'को काव्य सबैलाई जगाउने
आनन्द रस यो काव्य यथार्थमा पुऱ्याउने ।
नव्य सामाजिकी-काव्य रस-भाव-अलङ्कृत
सन्मार्गतिर डोऱ्याई उज्यालो भर्न सिर्जित ।३।

सह-अस्तित्वको भाव मर्यादातिर उन्मुख
संसार उड्न चाहन्छ सभ्य-संस्कृति-भावुक ।
मान्छेको भावना बोल्ने शब्द-चातुर्य मिल्दछ
अन्तर्दृष्टि खुलेको छ सत्प्रेम-भाव खुल्दछ ।४।

चेतना-शक्ति हो काव्य दिग्दर्शन गराउँछ
व्यवहारी बनी काव्य-शान्त-रस सजाउँछ ।
नित्य-नैमित्तिकी-काव्य आफैमा मुस्कुराउँछ
प्रेम-सौन्दर्य हो काव्य सबैलाई जगाउँछ ।५।

यही हो काव्य-सौन्दर्य चेतनाको विचार हो
रसालङ्कार, सद्भाव समाजको सुधार हो ।
काव्यमा रस पाइन्छ परमानन्द साधना
स्रष्टा विनम्रता पूर्ण साहित्यको छ अर्चना ।६।

कर्तव्य सबको आफ्नै आफ्नै छ गरिमा पनि
भावमा पूर्णता आफ्नै आफ्नै छ महिमा पनि ।
उद्देश्य सृजना आफ्नै आफ्नै छ साधना पनि
'विष्णुप्रसाद'को प्रेम काव्यमा पूर्णता पनि ।७।

स्वच्छन्दमा रमाएका कवित्वमा प्रणाम छ
सन्मार्गमा उदाएका कवितामा प्रणाम छ ।
पूर्णतामा सजिएका शब्द-ब्रह्म प्रणाम छ
विष्णु-प्रसाद स्रष्टाको भावनामा प्रणााम छ ।।८।।

*२०८० माघ ९ गते । धुम्बाराही, काठमाडौँ ।*

# 'मनोभाव' काव्यबारे केही कुरा

**युवराज मैनाली**

कविता साहित्यको प्रमुख विधा हो। अन्य विधाको तुलनामा यो पर्याप्त लेखिएको र पढिएको देखिन्छ। पूर्वीय र पाश्चात्य साहित्य दुवैमा यसले व्यापकता लिएको छ। संस्कृत साहित्य र पश्चिमी साहित्यका स्रष्टा, द्रष्टा, दार्शनिक विचारक तथा विश्लेषकहरूले कवितालाई विविध परिभाषा दिएका छन्– सम्पूर्ण परिभाषाको निष्कर्षको रूपमा भन्दा भावनाको विशिष्ट अभिव्यक्ति नै कविता हो। यसमा सरल शैली, मीठो प्रस्तुति र गहिरो भावको संयोजन गर्नु आवश्यक हुन्छ। कविता व्याख्यात्मक हुन्छ र सङ्क्षेपीकरणमा लेखिन्छ। कविमा शब्दभण्डार पर्याप्त मात्रामा हुनुपर्ने आवश्यकता रहन्छ। कविताले समायानुसार आफूलाई परिवर्तित स्वरूपमा ढाल्दै आएको छ। अहिले यसले आफूलाई विविध ढङ्ग र ढाँचामा प्रस्तुत गरिसकेको अवस्था छ। कवितामा लघु र लघुतम प्रयोगसमेत हुँदै आएको देखिन्छ। अहिलेको विश्वव्यापीकरण, वैज्ञानिकीकरण र औद्योगिकरणको प्रभाव कवितामा स्पष्ट भएर आएको पाइन्छ। आज कविता आधुनिकतालाई पार गर्दै उत्तर आधुनिकतामा प्रवेश गरिसकेको छ।

नेपाली साहित्यको कुरा गर्दा पृथ्वीनारायणको एकीकरणपूर्व नै यसले आफ्नो अस्तित्व देखाइसकेको हो। पृथ्वीनारायणको एकीकरणमा उत्साह जगाउने खालकामा तत्कालीन कविताहरू प्रभावकारी देखिन्थे। नेपाली कविताले विभिन्न घुम्ती र ड्यौडी पार गर्दै आजको अवस्थामा आइपुगेको छ। शक्तिवल्लभ, भानुभक्त, लेखनाथ, देवकोटा, सम, मोतीराम, शम्भुप्रसाद, सिद्धिचरण, माधव घिमिरे, गोपालप्रसाद रिमाल भूपी शेरचन, मोहन कोइराला, ईश्वरवल्लभहरूका

कविता सिर्जनाले नेपाली कविता निकै परिपुष्ट भएर आएको देखिन्छ। आज कविता सिर्जनाको क्षेत्रमा उत्साही स्वरहरू आएका छन्। यसै परम्परामा कवि विष्णुप्रसाद पन्तले पनि प्रवेश गर्नुभएको छ। क्याम्पस अध्ययनको क्रममै नेपाल नेशनल कलेजको मुखपत्र 'जमरा' पत्रिका (२०२९ साल)मा कथा प्रकाशन गरेर साहित्यमा प्रवेश गर्नुभएका विष्णुप्रसाद पन्त बहुविधाका सर्जक हुनुहुन्छ। जीवनवृत्तिका निमित्त प्राध्यापन पेसामा संलग्न रहेर पशुपति वहुमुखी क्याम्पसमा क्याम्पस प्रमुखको समेत जिम्मेवारी निर्वाह गर्नुभएका पन्तका फुटकर साहित्यिक तथा आर्थिक लेखहरू पत्रपत्रिकामा प्रकाशित हुँदै आएका देखिन्छन्। समाजसेवामा समेत सक्रिय पन्त साहित्यमा विभिन्न संघसंस्थाका माध्यमबाट उत्प्रेरक भूमिका निर्वाह गर्दै आउनुभएको छ। मुक्तिनाथ दर्शन साहित्य समाजका संरक्षक, नव पुस्तकालयका संस्थापक अध्यक्ष, गुणनिधि पन्त स्मृति प्रतिष्ठानका संस्थापक अध्यक्ष, मानवपुस्तकालयका परिकल्पनाकार विष्णुप्रसाद पन्तको पहिलो कृति भने व्यवस्थापन सम्बन्धी 'बजार शास्त्रको सिद्धान्त' (२०४६ साल) प्रकाशित भएको हो। साहित्यतर्फ भने 'सम्झनाका झुल्का'मा कवितासङ्ग्रह (२०६०) रहेको पाइन्छ। यसपछि उहाँको साहित्यिक यात्रा निरन्तर रूपमा अगाडि बढिरहेको छ। हिँड्दाहिँड्दै (२०६३) अनुभूतिका तरङ्गहरू (२०६६), स्मृति तरङ्गहरू (२०७१) 'बोध' (२०७१), सम्झनाको क्षितिजमा मन्जु (२०७४), वेलायतदेखि क्यानडासम्म (२०७७), 'फूलको सुगन्ध' (२०७८), 'मनको साइनो' (२०७८) 'सम्झनाको सुसेली (२०७९) जस्ता साहित्यका विविध विधाका कृति प्रकाशनले उहाँको साहित्यिक व्यक्तित्व प्रगाढ भएर आएको छ। प्रचार प्रोपोगाण्डाभन्दा पर रहेर साधनामा रमाउने पन्त 'मनोभाव' काव्य प्रकाशनको संघारमा हुनुहुन्छ। यसको भूमिकाका लागि उहाँको आग्रहले मलाई सङ्कोच भएको छ, जसले पाँच दशकभन्दा बढी साहित्यिक सिर्जनामा आफूलाई समर्पित गरिसकेको छ के त्यस्तो व्यक्तित्वको काव्यको भूमिका मैले लेख्नै पर्ने हो र प्रश्न खडा हुन्छ, तैपनि उहाँको मप्रतिको विश्वासलाई आदर गर्दै म उहाँको प्रकाशोन्मुख 'मनोभाव' काव्यको विषयमा केही सङ्केतात्मक अभिव्यक्ति दिन गइरहेको छु।

एकजना प्रसिद्ध दार्शनिक भनाइमा कविहरू अनौपचारिक विधायक हुन् । देशका समस्याहरूलाई देखाएर नीति निर्माताहरू ध्यान आकर्षण गर्नु कविको प्रमुख कर्तव्य हो । 'मनोभाव' काव्यमा कवि पन्तले समाजका विकृति, विसङ्गति दुराचरण आदिलाई खोतल्दै त्यसबाट समाधान खोज्न दह्रो रूपमा उभिनुभएको छ। परम्परागत छन्दका माध्यमबाट 'मनोभाव' काव्यको सिर्जना भएको छ। अनुष्टुप छन्दमा ३२५ श्लोकमा विस्तारित काव्यमा प्रत्येक कविताले वेग्लावेग्लै तरिकाबाट जीवन र जगत्को प्रकटीकरण गरेका छन् । एउटै शीर्षकको काव्यमा प्रत्येक कविताको छुट्टै र स्वतन्त्र अस्तित्व रहेको पाइन्छ। कथाहीन काव्य भएकोले खण्डकाव्यको परिभाषामा पनि देखिँदैन र एउटै भावको लामो कविता नभएर पनि एउटै शीर्षकमा कविताको प्रयोग कविद्वारा गरेको देखिन्छ । आजको समाजमा सहयोगी भावना हराएर गएको छ। आफूबाहेक अरूलाई नसोच्ने आत्मकेन्द्रित समाजप्रति कविको चिन्ता रहेको पाइन्छ । सेवा नै परमधर्म हो भन्ने भाव कवितामा प्रकट भएको देखिन्छ। कविताले समयको महत्त्वमाथि प्रकाश पार्दै समयमै काम नभएमा त्यसको परिणाम सन्तोषप्रद नहुने प्रसङ्ग आएको छ। एकताको भाव पनि कविताले प्रदान गरेको स्पष्ट देखिन्छ। मै खाऊँ मै लाऊँको स्वार्थी भावनाको विरोध गर्दै समष्टिमा स्वार्थको भाव कविताले उजागर गरेको पाइन्छ। कुकृत्यले आर्जित धनको दुष्परिणामप्रति कविताद्वारासचेत गराइएको छ। आफ्ना नै शत्रुमित्र दुवै हुन्छन् । आफ्नैले प्रहार गरेको कारणबाट हुने पीडा अत्यन्त दुःखदायी छ। सुखमा नपात्तिन र दुःखमा नआत्तिन  कविको सुझाव रहेको देखिन्छ ।

यस काव्यमा मानिसका बाहिर देखिने र भित्रको स्वरूप पृथक् रहन्छन् । यसबाट सचेत रहनुपर्ने कविताको भाव रहेको छ। कविताले मातृप्रेम, पितृप्रेम र देशप्रेमको पवित्र भावना पनि बोकेका छन् । "जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी"का पवित्र भावनाले कविता प्रभावकारी बनेका छन् । मानिसले जस्तो कर्म गर्छ उस्तै परिणाम भोग्नुपर्ने हुँदा जीवन सन्मार्गमा रहनुपर्ने कविताको भाव रहेको पाइन्छ । सत्यको विजय र असत्यको पराजय निश्चित रहेको कुरा उल्लेख छ। आमाबुवाको काखमा रहँदा व्यावहारिक चिन्ताबाट मुक्त रहेर स्वतन्त्र र

खुशीपूर्ण जीवन भोगाइको आनन्दको स्मरण पनि कविताले गरेको देखिन्छ। सानो गल्तीलाई पनि भीषण गल्ती देख्ने मानिसको कुप्रवृत्तिप्रति कविताले खबरदारी गर्दै यसबाट सच्चिन आग्रह गरेका छन्। राम्रो 'म' को संस्कारमा हिँडेका मानिसहरूलाई अरूको पनि आदर सम्मान गर्न जान्नुपर्ने सल्लाह र सुझाव कविताले प्रदान गरेको देखिन्छ। अरूको सम्मान गरेमा आफ्नो पनि स्वतः सम्मान हुने कुरामा कविको धारणा रहेको छ। प्राणीहरूमा सर्वश्रेष्ठ प्राणी मानिसले अथाह धन सञ्चय गरेकोमा कविलाई दया लागेको छ। अरू प्राणीले पनि जीवन चलाएकै छ भनेर कवि मानिसको स्वार्थीपनप्रति असहमति प्रकट गर्दै मानिसलाई सच्चिन आग्रह गर्न पुग्नुहुन्छ। मानिसको जिन्दगी क्षणिक भएकोले परिवार, देश, समाज, समस्त प्राणी र प्रकृतिप्रतिको कर्तव्यबोध गरेर जिउनुपर्ने भावना कवितामा आएको छ। गएको समयबाट शिक्षा लिएर वर्तमानमा उभिनुपर्ने भनाइ निकै उपयोगी लाग्दछ। ठूलाको आदर समकालीनमा समभाव र अनुज पुस्तालाई स्नेह गरेर जीवनलाई प्रेमिल बनाउनुपर्ने भनाइ पनि कवितामा देखिन्छ। सबै मिलेर बन्धुत्वको भावनामा बाँच्न सके संसार अत्यन्त सुन्दर हुने भनाइ पनि कवितामा आएका छन्।

यसैगरी काव्यमा पुराना कुसंस्कार कुप्रवृत्ति र नकारात्मक सोचलाई त्यागेर परिवर्तनले उज्यालो संसार निर्माण गर्नुपर्ने सन्देश कवितामा प्रवाह भएको देखिन्छ। कृषिप्रधान देश नाममात्रको भएको र दैनिक उपभोग्य सामग्रीमा पनि परनिर्भता रहनुपर्ने नियतिप्रति कवि चिन्तित देखिनुहुन्छ। युवा पलायनप्रति कवि दुखित, चिन्तित देखिनुहुन्छ र कृषिमा औद्योगिकीकरण गरेर स्वनिर्भर बन्नुपर्ने, विदेशिएका युवाहरूलाई देशमै रोजगारी सिर्जना गर्नुपर्नेमा कविताद्वारा जोड दिइएको छ। नीति निर्माताहरूमा देखिएका व्यक्तिवादी सोच, दलीय स्वार्थ र नैतिकताको विचलनप्रति कवि हृदय पीडित बनेको र यसबाट सच्चिन आग्रह कवितामा भएको छ। प्राणी मात्रको साझा धर्तीलाई सबैको अस्तित्व स्वीकार गर्दै सबैको बाँच्न पाउने नैसर्गिक अधिकारप्रति सचेत रहन मानिसलाई कविको आह्वान छ। द्वन्द्वले समाजलाई थिलोथिलो पारेर पिरोलेकोले आफै समाप्त हुने हुँदा सबैलाई सच्चिन कवितामा जोड गरिएको छ। सन्तान भएर पनि एक्लै

निरासपूर्ण जीवन बाँच्न बाध्य नेपालीहरूको नियति पनि कविताले उजागर गरेका छन् । न्यायालयमा अनेक चलखेलले बलियालाई चैन र दुब्लालाई ऐन भएको प्रति कविताको सङ्केत रहेको छ । कविलाई पुराना यादगरले सताइरहन्छ । पहिलेका अँगेना चुला, चौका, सब कता गए भन्दै कवि आफ्नोपन मेटिँदै गएकोमा चिन्तित देखिनुहुन्छ। स्वदेशी उद्योगधन्दा सकिएर स्वदेशी बस्तुको अस्तित्व नै समाप्त भएकोमा कविताले खबरदारी गरेका छन् । एउटा वृक्षले फल दिनका लागि मल, जल र बलको उचित प्रयोग आवश्यक भएजस्तै देश बन्नका लागि पनि देशप्रेमका पवित्र भावनाले काम गर्नुपर्ने कुरा उठाइएको छ ।

यसरी विष्णुप्रसाद पन्तले पहिलो कृति 'सम्झनाका झुल्का'मा रहेका मूल्य, मान्यता, परम्परा र प्रवृत्तिलाई यस काव्यमा पनि अझ विकसित अवस्थामा पुऱ्याउनुभएको छ । कृतिमा देश दुखेको छ, देशमा भएका विकृति र विसङ्गतिप्रति चिन्ता व्यक्त भएका छन्। देशप्रेम, प्रकृतिप्रेम, मानवीय प्रेमका भावनाहरू अभिव्यक्त भएका छन्। कवितामा उत्साह, निराशा, प्रेम, घृणा, दया, माया, करुणा आदि मानवीय गुणका कुराहरू देखिएका छन् । कविताका प्रत्येक पङ्तिले जीवनोपयोगी सन्देश प्रवाह गरेका छन् ।

शीर्षक चयनका दृष्टिले कृतिभित्रका कविता स्वाभाविक छन् । सरल शैली प्रयोग भएको काव्य पाठकमैत्री बन्न पुगेको छ । यति हुँदाहुँदै पनि कवितामा अझ परिष्कार र परिमार्जनको अपेक्षा भने रहन्छ। काव्य 'मनोभाव'मा मेरा केही भनाइ राख्न सुअवसर दिनुभएकोमा म कवि विष्णुप्रसाद पन्तप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै काव्यका लागि मुरीमुरी बधाई अर्पण गर्दछु । साथै यस काव्यका केही नमूना प्रस्तुत गर्दै विश्राम लिन्छु ।

बत्तीमा पुतलीजस्तै आकर्षित सधैँ हुने,
नहुँदा साथमा आमा बालक झैँ सधैँ रुने ।
यो छट्पटी किन यस्तो धड्किन्छ मुटु बेस्सरी
कताकता दुखेजस्तो बल्झिदिन्छ घरीघरी ॥ (पृष्ठ १९ मातृप्रेम)

स्वदेशी वस्तु रुच्दैन सडेर फाल्नुपर्दछ
श्रमको मूल्य पाइन्न रोएर बाँच्नुपर्दछ।
बाँच्दै छौँ सबको लागि इसारामै चली सधैँ
हित सोच्नु छ अर्काको बढ्दै छ क्रम यो अझै। (पृष्ठ २३ देशप्रेम)

जिन्दगी सबका लागि सात दिन भई दिने
आउन जानका लागि दुई दिनसँगै हुने।
बँचेका दिन पाँचै हुन् प्रयोग गर्न मिल्दछ
उपयोग यहाँ गर्ने यो चाहिँ सोच्न योग्य छ॥ (पृष्ठ ३३ क्षणिकता)

बनाऊ प्रेमको भट्टी जलाऊ राग-द्वेष ती
सजाऊ प्रेमले धर्ती बदला नलिई रति।
फुलाऊ प्रेमको फूल सप्तरङ्गी जताततै
मिलाऊ प्रेमले हात दीन-दुःखीहरू सँगै॥ (पृष्ठ ४२ व्यक्तिप्रेम)

सिलाई उध्रियो आज लाज ढाक्न अयोग्य भो
हतारोसँग भो काम गरेको सब नाशियो।
कसको स्वार्थले गर्दा गाँठोलाई बिगारियो
सिएको कपडालाई बलैसँग उधारियो॥(पृष्ठ ७२ समाजको विकृति)।

*धुम्बाराही, काठमाडौँ*

***

# आफ्नै कुरा

जीवनलाई कुनै कुनै लयमा ढाल्न सबैले प्रयास गरेकै हुन्छन्। जब जीवन लयबद्ध हुन्छ, उसले सबै कुरा त्यहीँ पाउन थाल्दछ। लामो अभ्यास र चिन्तनले मात्र यो कुरा सम्भव हुन्छ। जीवन लयमा चल्नु भनेको निश्चित मार्गमा चल्नु हो। जीवनका सङ्घर्षले धेरै कुरा सिकाउँदै गर्दा थाहै नपाई ऊ कतै जोडिन पुग्दछ। उसले छुट्टै संसारको निर्माण गरिसकेको छ। अब ऊ त्यसैमा रमाउन थाल्दछ। दिनहरू बित्दै गएको उसलाई थाहा नै हुँदैन। उसमा एक प्रकारको नशा नै लागिसकेको हुन्छ। सायद मलाई पनि जीवनको पछिल्लो समय आएर लेख्ने, पढ्ने, केही रचनाहरूको सृजना गर्ने नशा लागेको हो कि जस्तो लाग्दछ। नयाँ पुस्तक पाउने बित्तिकै पढ्न मन लाग्ने, कुनै घटना देख्ने वा सुन्नेबित्तिकै केही लेख्ने मन लाग्ने हुन थालेको छ। मेरो कलम खास गरी कविता लेखनमा अघि बढेको हुन्छ, जति सक्छु, लेख्ने गर्दछु। यसै क्रममा यो 'मनोभाव' शीर्षकको काव्य तयारीको अवस्थामा आइपुगेको छ। यो कृति कति सान्दर्भिक हुन सकेको छ त्यो म भन्न सक्दिनँ तर आफ्नो बुद्धि-विवेकले भ्याएसम्म प्रयास गरेको छु जस्तो लाग्दछ।

म जस्तो सिकारु लेखकबाट राम्रा र गहन कृतिहरूको सृजना हुन नसके पनि आफ्ना अनुभव र भावनालाई पोख्ने माध्यमबाट हुने नै भयो। प्रयास गर्ने नै सफल वा असफल हुने हो। परिणामको वास्ता नगरी निरन्तर प्रयास गर्दै छु। पाठक महानुभावहरूले केही काम लाग्ने कुरा पाउन सक्नुहुनेछ भन्ने मेरो कलमले आशा राखेको छ। यो पुस्तक पनि त्यही सोचको निरन्तरतामा जन्मेको हो।

यस कृतिलाई सुन्दर बनाउन आफ्नो महत्त्वपूर्ण, सल्लाह, सुझाव दिँदै कृतिको सार खिची कवितामै समीक्षात्मक राखिदिनु हुने वरिष्ठ साहित्यकार एवम्

समालोचक आदरणीय श्री ठाकुर शर्मा भण्डारीज्यूप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

यस कृतिको सम्बन्धमा पूर्णतया आद्योपान्त अध्ययन गरी भूमिका लेखिदिनुहुने आदरणीय वरिष्ठ समालोचक श्री युवराज मैनालीज्यूप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

मलाई यस पुस्तक लेखन सरसल्लाह दिने सम्पूर्ण महानुभावहरूप्रति आभार प्रकट गर्दछु । पुस्तक छाप्ने कार्यमा सहयोग गर्नुहुने सूर्योदय छापाखानाका प्रोप्राइटर हरिबहादुर कार्कीज्यू तथा साजसज्जा गरिदिने दीपेन्द्र बस्नेतप्रति धन्यवाद व्यक्त गर्दछु ।

**विष्णुप्रसाद पन्त**

# मनोभाव

सोचेको काम गर्ने त आज नै दिन हो बुझ
गर्ने मान्छे स्वयं नै हो नपरौँ अन्यको भर
जहाँ छौँ केन्द्र हो ठाउँ त्यही नै रम्नुपर्दछ
सही ठानी गरे कर्म अनेकौँ रत्न झर्दछ ॥१॥

अरूलाई हँसाएर आफू हाँस्न सक्यौँ भने
अरूलाई बचाएर आफू बाँच्न सक्यौँ भने ।
नखोस अन्यको ठाउँ अरूले पनि बाँच्नु छ
अरूको सुख खोसेर दुःखमा किन हाँस्नु छ ॥२॥

बाँच्नुको स्वाद भेटिन्छ आनन्द त्यहीँ मिल्दछ
जिन्दगीको मझेरीमा खुसीको फूल खिल्दछ ।
बसेको ठाउँ हो स्वर्ग देवता बन्न सक्नु छ
प्रयास जसले गर्छ फलमा हक बन्दछ ॥३॥

सोच शक्ति जहाँ मिल्छ बर्सन्छ सुख सम्पत्ति
आँट जाँगरले बढ्छ व्यक्तिको शान सम्मति ।
आफै हो शक्तिको स्रोत बुझेर काम गर्नु छ
नछुटाई सबै काम सम्पन्न गर्नुपर्दछ ।।४।।

सक्दछु गर्न यो काम भन्ने आँट भयो भने
आधा काम स्वयं भैगो सकिन्छ सहजै भरे ।
गाह्रो छ गर्न यो काम भन्ने सोच भयो भने
नगरे हुन्छ त्यो काम पक्का बिग्रन्छ त्यो भरे ।।५।।

लुटेको धन हो साथी लुकाई राख्नु नै पर्‍यो
रोजेकै मार्ग हो यस्तो बाँच्न त जान्नु नै पर्‍यो ।
सजिलो मार्ग ठानेर मोडिए पाइलाहरू
जुटायौँ कर्मका साथी बनायौँ योजनाहरू ।।६।।

तल-माथि सबैलाई मिलाई काम गर्नु छ
मिल्ने मिल्नेहरू सारा गौँडामा सब भर्नु छ ।
कसिलो डोरी बाटेर बलियोसँग अड्नु छ
त्यसैलाई समातेर लक्ष्यमा पुग्न चढ्नु छ ।।७।।

अरूको दृष्टिमा हेर्दा सफा हुन्छ सबैतिर
भित्र-भित्र सबै चल्छ देखिँदैन कतैतिर ।
नियम भित्रभैँ लाग्छ गरेका ती क्रियाहरू
अवरोध कतै हुन्न काम गर्नु सदा सुरु ॥८॥

अनेकौँ योजना बन्छन् पूरा हुन्छन् यसैगरी
पर्दापछि छ यो खेल चलेकै छ सधैँभरि ।
भकारी थप्नु नै पर्छ थन्क्याउन थरीथरी
सत्तामा रहनै पर्छ सुरक्षार्थ सधैँभरि ॥९॥

सुराकी सुइँको खोज्छन् धनी भो कसरी भनी
शङ्का उठ्छन् कि साथीमा समूहभित्रमा पनि ।
समात्ने हात बढ्दै छन् खोज्दै हेर्दै जतातती
समातियो भने साथी तानिनेछन् सबै सबै ॥१०॥

शान-मान सबै जान्छ प्रमाण भेटियो भने
जेलमा बस्नु नै पर्छ कसुर देखियो भने ।
निद्रामा सपना देख्दा मुद्दाको फैसला भयो
अँध्यारो जेलमा बस्दा जिन्दगी सकिने भयो ॥११॥

आफन्त सबका माझ आफ्नो को पहिचान्नु छ
अरूले कसरी हेर्छन् राम्ररी सब जान्नु छ।
आफन्त नहुँदासम्म संसार शून्य भैदिने
आफ्ना निकटका मान्छे छोडेर अन्त गैदिने ॥१२॥

आफन्त सबमा हुन्छन् शत्रुमित्रु दुवै थरी
डाह, ईर्ष्या यिनै गर्छन् घुमी बस्छन् सधैंभरि।
मिठा मिठा कुरा गर्दै बुझ्दछन् मनका कुरा
नभर्दा स्वार्थको भाँडो ताक्दछन् मुटुमा छुरा ॥१३॥

सबै खराब नै हुन्छन् यो सोच्नु पनि हुन्न है !
आफ्नाको मनमा चोट कदापि पार्नुहुन्न है !
सजग बन्नु नै पर्छ हुँदै छ के कता भनी
कसरी दिन बित्दै छन् अँधेरी रात ती पनि ॥१४॥

उज्यालो दिन आफ्नै हो अर्काको रात हो बुझौं
सिसाझैं दिन आफ्नै छ रात बुझ्न अझै कुरौं।
सबैले दिन नै रोज्छन् गाह्रो छ भन्न यो पनि
अनेकौं दृष्टिका मान्छे बेग्लै छ चाहना पनि ॥१५॥

खुसी खोज्दै हिँडेका छन् बाल-वृद्ध, युवा सबै
जथाभावी कुदेका छन् सही मार्ग नभेटिँदै ।
आफै भित्र रहेका छन् खुसी र शान्तिका सुधा
बढाऊ प्रेम, सद्भाव पाइनेछ सबै विधा ॥१६॥

हारजित सधैँ उस्तै जसले सोच्न सक्दछ
अरूभित्र स्वयंभित्र जसले देख्न सक्दछ ।
सबैलाई सधैँ उस्तै आदर गर्छ जो जन
जानेर सबले राख्नु पवित्र हुन्छ त्यो मन ॥१७॥

अरूको कुभलो सोच्ने निन्दा गर्ने सधैँभरि
गल्ती के छ भनी खोज्ने कुरा काट्ने थरी-थरी ।
अरूको दुःखमा रम्ने प्रवृत्ति राख्दछन् जहाँ
त्यस्ताको साथ त्याग्नाले आनन्द मिल्छ है त्यहाँ ॥१८॥

आफ्नो लाभ सधैँ हेर्ने आफ्नाकै हित गर्दिने
अरूलाई भुलाएर आशाको भ्रम छर्दिने ।
बाहिर लेप लाएर उज्यालो बन्न चम्किने
भित्र विष लुकाएर साँचिलो बन्न गम्किने ॥१९॥

छद्मभेषी भई घुम्ने हत्यारा जन भेटिँदा
सोझालाई समातेर रेटेका दृश्य देखिँदा ।
अनेकौँ घटना घट्छन् हराउँछन् कताकता
बढो अचम्म लाग्दै छ समाज पुग्छ यो कता ॥२०॥

जेजस्ता घटना घट्छन् स्विकार्दै बाँच्नुपर्दछ
परिस्थितिसँगै हिँड्न सबैले सिक्नुपर्दछ ।
प्राप्तिसँग रमाएर जसले बाँच्न जान्दछ
आनन्दसँग बाँचेको उसैले मात्र ठान्दछ ॥२१॥

पानीमा रहँदासम्म माछाको बल देखिने
हात पाउ चलेसम्म सुन्दर वस्तु भेटिने ।
नहुँदा देहमा शक्ति आँगनै पर भैदिने
राखेको नसकी झिक्न लाचार जिन्दगी हुने ॥२२॥

नहुँदा साथमा पैसा इच्छा लाग्ने थरी-थरी
टन्न पैसा भए साथ धेरै घुम्छन् बराबरी ।
बोलेको सबले सुन्छन् प्रशंसा गर्दछन् सबै
फूलको रसमा मौरी घुमेजस्तै सधैँ-सधैँ ॥२३॥

बत्तीमा पुतलीजस्तै आकर्षित सधैँ हुने
नहुँदा साथमा आमा बालकझैँ सधैँ रुने ।
छट्पटी किन यो यस्तो धड्किन्छ मुटु बेस्सरी
कताकता दुखेजस्तो बल्झिदिन्छ घरीघरी ॥२४॥

नहुँदा दुःख यौटै छ हुँदा दुःखव्यथा कति
बुझेरै सब खोज्नेले भोग्नैपर्छ अधोगति ।
सबैले सुख नै खोज्छन् भेटियो भन्न सक्छ को ?
सङ्ग्रह जति गर्दा नि पाइने दुःखमात्र हो ॥२५॥

आपसी झगडा गर्नु शक्तिको नाश गर्नु हो
प्रेमसाथ मिली बस्दा सबैको शक्ति बढ्नु हो ।
ढिलो भो बुझ्न यो सत्य छिट्टै नै बुझ्नुपर्दछ
सबैको लक्ष्य यौटै हो मिलेर बस्नुपर्दछ ॥२६॥

गहिराइ नजानेरै फाल हाल्ने गऱ्यौँ यहाँ
पछुताउनुपर्नेछ सोचेको नपुगे त्यहाँ ।
सल्लाह सबले दिन्छन् दिँदैनन् हात कष्टमा
देखिने भीड नै हुन्छ पुगिन्छ जब घाटमा ॥२७॥

कुकर्म जसले गर्छ अशान्ति भोग्छ त्यो सधैँ
आफ्नाले दुःख भोग्नेछन् पाखा लाग्छन् अरू सबै ।
स्वार्थ पूरा गराएर आफ्ना झैँ गर्दछन् सब
एक्लै छोडिदिने गर्छन् स्वार्थ पूरा भयो जब ॥२८॥

प्रयोग गर्दछन् मान्छे माया छ वस्तुमा अति
गर्ने काम भयो उल्टो त्यसैले त भयो खति ।
विनामूल्य मिले वस्तु पाएजति थुपार्दछन्
फोहोर गर्दछन् आफै सफा गर्न गुहार्दछन् ॥२९॥

आफ्ना गल्ती लुकाएर अरूमा दोष खोज्दछन्
सोझालाई फँसाएर ठूला झैँ व्यक्ति हिँड्दछन् ।
लाज ढाक्ने लुगा छैन सम्पत्ति कति हो कति
सम्पत्ति जसमा हुन्छ लाज हुन्न त्यहाँ रति ॥३०॥

जसले जे भने हुन्छ सुन्ने कान त बन्दछन्
आँखाले कसरी देख्छ देखेकै छैन भन्दछन् ।
मन, बुद्धि मिलेका छन् इन्द्रिय चुप लाग्दछन्
नदेख्दा सत्यको जीत बुझेर सब भाग्दछन् ॥३१॥

सजाऊ दृष्टिमा दैव सर्वत्र मिल्छ दर्शन
आनन्द होसमा मिल्छ बेहोसी बन्दछौ किन ?
विश्वमा एउटै शक्ति सञ्चार छ सबैतिर
विनाशक्ति कुनै प्राणी बाँच्न सक्दैन आखिर ।।३२।।

शक्तिकै साथ पाएर चल्दै छ गति विश्वको
शान विज्ञानको बाटो खार्दिँदै छ भविष्यको ।
शक्तिकै आडमा राष्ट्र भनी ठूला त गर्जिने
साना देश डराएर रोग लाग्दै छ तर्सिने ।।३३।।

शक्ति सञ्चयकै लागि ठूला राष्ट्र सदा सरे
शक्तिशाली हुँदै गर्दा गल्ती कार्य निकै गरे ।
जसको साथमा शक्ति उसैको शान विश्वमा
नहुँदा साथमा शक्ति गणना हुन्छ निम्नमा ।।३४।।

अनेकौँ रूपमा शक्ति विद्यमान सधैँभरि
नभए ज्ञानको शक्ति बाँच्दछ लाशकै सरी ।
हात पाउ सबै बस्छन् शरीर हुन्छ निष्कृय
बुद्धि, विवेक नासिन्छ दिमाग हुन्छ निष्कृय ।।३५।।

रोकिन्छन् सृष्टिका कर्म अचल हुन्छ विश्व नै
ज्ञान विज्ञानको बाटो अन्त्य हुन्छ अवश्य नै ।
शक्तिभन्दा ठूलो अर्को देखिँदैन कतै पनि
सबैमा प्राप्त होस् शक्ति सुकर्ममा जुटोस् अनि ॥३६॥

अभ्यास गर्नु नै पर्छ निपुण बन्न खातिर
पानीले बग्नु नै पर्छ स्वच्छता धान्न आखिर ।
तयारी हुनु नै पर्छ आउने घटनासँग
सामना गर्नु नै पर्छ सुख वा दुःखका क्षण ॥३७॥

जाडोमा ताप्नका लागि दाउरा खोज्नुपर्दछ
दुःखको सामना गर्ने अभ्यास गर्नुपर्दछ ।
बानी पर्नेछ विस्तारै सहने कसरी भनी
नसही सुख नै छैन बाँच्नु छ जसरी पनि ॥३८॥

एक्लै नै कष्टको रात काट्ने हिम्मत राख्नु छ
राम्रो अभ्यासले मात्र सम्भव हुन सक्दछ ।
नहुँदैमा सधैं जाडो तयारी हुनुपर्दछ
चाहिने वस्तुको जोहो अवश्य गर्नुपर्दछ ॥३९॥

दिनमा उफ्रने प्राणी रातमा सुस्त बस्दछ
अनेकौं दुःख भोगेर बाँच्न त्यो बाध्य बन्दछ।
बिहानी पर्खने शक्ति क्षीण भै दिन सक्दछ
अन्धकार भरी रात कठिन युग लाग्दछ ॥४०॥

सम्झँदा मन आत्तिन्छ छट्पटी हुन थाल्दछ
माटाभित्र दबेजस्तो कहाली स्वतः लाग्दछ।
अन्धकार थियो साथी उसैको साथ जानु छ
भएका वस्तु छाडेर गरेका कर्म लानु छ ॥४१॥

अनौठो देश यो हाम्रो दिउँसै रात पर्दछ
नरोपी खेतमा धान भकारी पनि भर्दछ।
योग्यता जाँच्नुपर्दैन सुँघेर छान्न मिल्दछ
परीक्षा दिनुपर्दैन आफन्त भए पुग्दछ ॥४२॥

स्वदेशी वस्तु रुच्दैन सडेर फाल्नुपर्दछ
श्रमको मूल्य पाइन्न रोएर बाँच्नुपर्दछ।
बाँच्दै छौ सबको लागि इसारामै चली सधैं
हित सोच्नु छ अर्काकै बढ्दै छ क्रम यो अझै ॥४३॥

नारामात्रै भए राम्रा पुरानै सोच व्याप्त छ
खाने खुवाउने काम बढ्ने नै क्रम व्यस्त छ।
आँसु पिएर बाँच्दै छन् निमुखा जनताहरू
मुस्कान कसरी पुग्छ फेरिन्छन् सपनाहरू ॥४४॥

देश यो कसरी बन्छ कसले सोच्छ यी कुरा
सत्ता र भोटकै लागि चल्दै छ खेल यो सदा।
न बन्छ देश यो हाम्रो न हट्छ गरिबी यहाँ
फट्याइँ जसले गर्छ प्रगति उसको यहाँ ॥४५॥

नराम्रो काम गर्नेकै शान र मान मिल्दछ
राम्रो काम गरौँ भन्ने ऊ जालोभित्र फस्दछ।
अरूको मुख ताकेर सधैँ यो देश चल्छ र ?
ऋणमाथि ऋणै खापी देश यो बन्न सक्छ र ?॥४६॥

सत्ताको खेलमा देश दाउमा छ सधैँभरि
लाज ढाक्न भयो गारो देशलाई यसैगरी।
रुवाइ जननीलाई मिल्दैन सुख क्यै गरी
सन्तान किन यी जन्मे आमा दुखी हुने गरी ॥४७॥

आमाको काखमा बस्दा सधैँ मिल्नेछ शीतल
बाबाको साथमा बस्दा मन हुनेछ निर्मल ।
रोजेर बस्न पाइन्छ झिकेर खान मिल्दछ
जे वस्तु घरमा हुन्छन् नसोधी लान मिल्दछ ।।४८।।

रोक टोक कतै छैन स्वतन्त्र छ सबैतिर
जिम्मेवारी कुनै छैन मनमा छैन क्यै पिर ।
कसरी घर चल्दै छ वास्ता छैन कतै पनि
टार्ने पुऱ्याउने चिन्ता हुँदै हुन्न कतै पनि ।।४९।।

आमाबाबा हुँदासम्म संसार स्वर्ग झैँ हुने
खुसी र सुख बर्सिन्थ्यो आनन्दित सधैँ हुने ।
कृपादृष्टि सधैँ मिल्थ्यो घर यो घर झैँ थियो
सधैँ बालक झैँ लाग्थ्यो माया स्नेह अपार थ्यो ।।५०।।

सुखी सम्पन्न झैँ लाग्ने आमा-बाबा सँगै हुँदा
रोग व्याधी निको हुन्थ्यो आमाबाबा सँगै छँदा ।
बलिया पाखुरा लाग्थे फुर्तिलो देह लाग्दथ्यो
अगाडि बढ्नका लागि साहस पनि जाग्दथ्यो ।।५१।।

गर्नुपर्ने सबै काम आमाबाबा मिली गरे
सबै काम निखारेर स्थायी घर दुवै चले ।
रित्तो भो घर यो हाम्रो खाली खाली सबैतिर
देखिँदैन कतै राम्रो झुकेका छन् सबै शिर ॥५२॥

वैलाए बागका फूल माली अन्त गए सरी
औँसीको रातझैँ लाग्छ सन्नाटा छ सधैँभरि ।
झझल्को उनकै मिल्छ तलमाथि जताततै
बोलाएझैँ अझै लाग्छ समीपमा यतै कतै ॥५३॥

अनेकौँ जन्मको सार मानव जन्म उत्तम
पाएर जन्म यो हाम्रो बनाऔँ देह उत्तम ।
देह नै नभए राम्रो कर्म को गर्न सक्छ र ?
पवित्र देहले मात्र सत्कर्म हुन्छ सम्भव ॥५४॥

सृष्टिकी मूल माता हुन् आधार सब यामको
मातृशक्ति भए मात्र चल्दछ क्रम सृष्टिको ।
पवित्र जननीबाट उत्तम सृष्टि बन्दछ
जननी नभए ज्ञानी सन्तति मूर्ख बन्द छ ॥५५॥

समाहित भई भित्र ब्रह्माण्ड सबमा तिमी
भई सर्वत्र सञ्चार अस्तित्व भर्दछ्यौ तिमी ।
सृष्टिका सब यी प्राणी तिम्रै अंश भईकन
कर्तव्य सबले आफ्नो निर्वाह गर्दछन् जन ॥५६॥

आदिशक्ति तिमी माता ब्रह्माण्ड सृष्टिकारिणी
सम्पूर्ण सृष्टिकी दाता अनेकौँ रूपधारिणी ।
नारीको रूपमा आर्य धर्तीमा सृष्टिभूमिका
अनेकौँ जीव जन्मायौ धर्तीको गर्न पूर्णता ॥५७॥

जीव कल्याणका लागि कल्पवृक्ष भई दिने
वात्सल्य सबमा बाँडी कल्पवृक्ष सदा हुने
बीजलाई उमारेर आकार वृक्षको दिने
आफ्नै देह गलाएर साहारा सबमा हुने ॥५८॥

मातृशक्ति विनाविश्व सृजना हुन सक्छ र !
नभए, उनको साथ ब्रह्माण्ड अड्न सक्छ र !
शक्तिको साथ पाएर उन्नति विश्वमा भयो
ज्ञान विज्ञानको मार्ग निहित यसमै रह्यो ॥५९॥

अनौठो जीव हो मान्छे पाएजति थुपार्दछ
नभर्ने पेट बोकेर जताततै दगुर्दछ ।
नखाने बस्नु नै छैन मिलेजति हसुर्दछ
विनामूल्य मिलेसम्म जे जे यहाँ थुपार्दछ ॥६०॥

आफ्नै हित हुने मात्र काम गर्न रुचाउँछ
अरूले जे भने हुन्छ सबै कुरा पचाउँछ ।
लाजघीन कुनै छैन पापको छैन क्यै डर
ख्याल राख्दैन नाताको अरू देख्दैन त्यो भर ॥६१॥

अरूको दुःखमा आँसु झारेजस्तो गरे पनि
सहयोग कतै गर्ने स्वभाव छैन त्यो पनि ।
कसरी सबको सामु उच्च स्थान बनाउने
प्रशंसा सुन्नका लागि सधैँ कान लगाउने ॥६२॥

आफू सर्वज्ञ झैँ ठान्छ जान्नुपर्दैन क्यै पनि
ठूला ठूला कुरा गर्छ विद्वान् त्यो व्यक्ति झैँ बनी ।
इज्जत सबको गर्न सिकेको पनि छैन क्यै
माया, दया, क्षमा गर्न जानेको पनि छैन क्यै ॥६३॥

आफूबाट भए गल्ती स्विकार्दैन भयो भनी
आफ्नो लाभ हुने देख्दा पुगिदिन्छ जहाँ पनि ।
अरूले कसरी हेर्छन् वास्ता गर्दैन क्यै पनि
आफू मात्रै सबै ठानी गर्जन्छ मेघझैं बनी ॥६४॥

अरू प्राणीहरूभन्दा मान्छे भिन्न अवश्य हो
सम्पत्ति सबको छैन थुपार्ने नर मात्र हो ।
जिन्दगी त चलेकै छ अनेकौं जीवको पनि
देखिँदैन थुपारेको देखाउन धनी बनी ॥६५॥

विचित्र जीव हो मान्छे नभर्ने पेट बोक्दछ
नखाने वस्तु नै छैन पाएको सब सोर्दछ ।
अर्काको भाग राख्दैन मर्यादा सब भुल्दछ
अरूलाई रुवाएर मैमत्त भई हिँड्दछ ॥६६॥

प्राणीमा श्रेष्ठ यो मान्छे सबैको शत्रु भो किन ?
अरूमाथि लगातार अत्याचार गर्‍यो किन ?
पेट नै भर्नका लागि हत्या गर्दै छ यो किन ?
हिंसाकै साथमा बाँच्ने प्रयत्न गर्छ यो किन ?॥६७॥

खानाको भोकले भन्दा भोका छन् ती विचारले
थुपार्ने होडमा व्यस्त आफ्ना आफ्ना हिसाबले ।
कसरी भर्न पाइन्छ पेट र ढुकुटी भनी
कुकर्म गर्नका लागि तत्पर छन् सधैँ तिनी ॥६८॥

अनेकौँ जीव बाँच्दै छन् सञ्चय नगरी कन
व्यवसाय कुनै छैन घर जग्गा अनि धन ।
दानापानी मिलेकै छ बाँच्नलाई त्यता पनि
परिवार मिलेकै छन् खुसी साथ उता पनि ॥६९॥

सानाठूला सबै प्राणी पेटकै पीर गर्दछन्
खाली पेट छँदासम्म अरू के सोच्न सक्दछन् ।
अनेकौँ वस्तु खानाले पेटलाई सधैँ पीडा
जिभ्राको स्वादका लागि दुःख पर्छ सधैँ कडा ॥७०॥

कतिको बाँच्नका लागि पेट भर्नै छ मुस्किल
कतिको अति खानाले पचाउनै छ मुस्किल
कतिको पेट बढ्नाले कठिन उठ्न बस्नमा
सुकेर कतिको पेट कमी छ शक्ति हिँड्नमा ॥७१॥

दुःखको जड हो पेट यसैले पाप गर्दछ
पेटको भोक नै मेट्न जीवले जीव मार्दछ ।
नभए पेटको चिन्ता विश्व नै शान्त बन्दछ
खोस्ने लुछ्ने सबै छाडी मस्त भैकन बस्दछ ॥७२॥

आफन्तजनको माझ भ्रम पैदा गराउने
हुने र नहुने बीच गुट पैदा गराउने ।
सबैको जड हो पेट देहलाई गलाउने
भित्र-भित्र जलाएर प्राण अन्त्य गराउने ॥७३॥

बनायो कसले पेट प्राणीलाई सताउने
सुख शान्ति कतै छैन पीडामा छट्पटाउने ।
विकल्प खोज्नु नै पर्छ पेटलाई हटाउन
सबैको ध्यान जानेछ दुःख अन्त्य गराउन ॥७४॥

आफू सक्दैन क्यै गर्न अरूमै भर पर्दछ
सहारा अन्यको पाए कर्ममा अघि सर्दछ ।
सक्रिय बन्नका लागि सहयोग पुऱ्याउँछ
निःस्वार्थ भावका साथ काममा नै रमाउँछ ॥७५॥

आफ्नो अर्को त ठान्दैन भेद गर्दैन क्यै पनि
आफ्नो कर्तव्य छोड्दैन जस्तो दुःख परे पनि ।
धर्ती झैँ सहँदै बस्छ जल्ले जे जे गरे पनि
आफूजस्तै बसी दिन्छ अरू अन्त गए पनि ॥७६॥

भेलसँग गरी मेल कर्तव्य पूर्ण गर्दछ
आदेश गुरुको मानी सम्पूर्ण कार्य गर्दछ ।
बचाई सबको प्राण राख्नु कर्तव्य ठान्दछ
सम्बन्ध सबको साथ राम्रो नै चाह राख्दछ ॥७७॥

यात्राको बिचमा आफू रोकिँदैन कसैगरी
बाधाहरू हटाएर गन्तव्य निश्चयै गरी ।
एउटै कामका लागि आफ्नो सम्पूर्ण जीवन
समर्पण गरी बस्न को सक्ला सहजै जन ॥७८॥

सहेर अन्यको लात बाँच्न बाध्य छ तैपनि
प्रतिक्रिया कुनै छैन आफूमा जे भए पनि ।
अरूको सुखका लागि सेवा गर्न छ तत्पर
थकाई जति नै लाग्दा सहेरै हुन्छ तत्पर ॥७९॥

गुरुकै साथ पाएर चल्छ बस्छ सधैँभरि
गुरु इन्छा भए मात्र कार्य गर्छ थरीथरी ।
गुरु इच्छा भएमा नै सम्पूर्ण कार्य गर्दछ
गुरुमा सब अर्पेर आफ्नो त्यो देह छाड्दछ ॥८०॥

अघिल्लो दिनको यात्रा अघिल्लै दिन पूर्ण भो
नयाँ यात्रा शुरु गर्न आज नै उपयुक्त हो ।
आज सक्ने जति यात्रा आज नै गर्नुपर्दछ
नसक्दा आजको यात्रा अनेकौँ विघ्न पर्दछ ॥८१॥

आफै प्रकृति चल्दै छ रोकिँदैन कसैगरी
को सक्छ गति यो रोक्न प्रमाण छन् सुधासरी ।
सबैको लागि यौटै हो उपलब्ध हुने दिन
सोचेर खर्च नै पर्छ मिलेका जाति छन् क्षण ॥८२॥

जिन्दगी सबका लागि सात दिन भई दिने
आउन जानका लागि दुई दिनसँगै हुने ।
बँचेका दिन पाँचै हुन् प्रयोग गर्न मिल्दछ
उपयोग यहाँ गर्ने यो चाहिँ सोच्न योग्य छ ॥८३॥

संसार सार बुझेर जसले काम गर्दछ
सर्वत्र जगमा यस्तो कीर्ति र यश बढ्दछ ।
छोटो समयका लागि आएका छौं सबै यहाँ
पूरा गरेर कर्तव्य फर्कनुपर्छ नै त्यहाँ ॥८४॥

छिटै काम सके मात्र छिटै पाइन्छ फर्कन
तोकेको नसकी काम मिल्दैन घर फर्कन ।
आफूमा नहुने ज्ञान के कति काम गर्नु छ
सकेको जति गर्ने हो बाँकी छोडेर जानु छ ॥८५॥

बितेको दिन पाइन्न जति यत्न गरे पनि
भुटेको बीज उम्रिन्न जति पल्ट छरे पनि ।
खोजेर खुसी पाइन्न जहाँ जहाँ गए पनि
हुने कार्य भई जान्छ जति यत्न गरे पनि ॥८६॥

सहनुपर्छ मान्छेले जति दुःख परे पनि
फर्कनुपर्छ मान्छेले जति दूर गए पनि ।
नझरी सुख पाइन्न जति फूल फुले पनि
फुल्ने कर्म सधैं हुन्छ भ्रमरा नडुले पनि ॥८७॥

बाँच्नु त सबले पर्छ आफू एक्लै भए पनि
हाँस्नु त सक्नु नै पर्छ जति दुःख परे पनि ।
बोक्राको साथमा मात्र बीज सक्दछ उम्रिन
अस्तित्व रहँदासम्म रहन्छ सब यो चिज ॥८८॥

जराको साथले मात्र वृक्ष अड्छ सधैँभरि
धराको साथ पाएर फूल फुल्छन् थरीथरी ।
तेलको साथले मात्र दीप बल्छ सधैँभरि
दियोमा तेलको मात्रा थप्नुपर्छ घरीघरी ॥८९॥

तलाउ बन्नको लागि खाल्टो नै खन्नुपर्दछ
पानी जम्मा भए मात्र तलाउ बन्न सक्दछ ।
बाँचेर गर्नु हो काम भोग्ने हो सब वस्तु यो
वस्तु भएर बाँड्ने हो रहँदासम्म अर्थ हो ॥९०॥

सङ्ग्रह वस्तुको गर्दा दुःख नै बढ्ने गर्दछ
बुझेरै पनि यो सत्य सङ्ग्रह गर्नुपर्दछ ।
बाँच्नको लागि हो वस्तु सबैले बाँच्नुपर्दछ
सङ्ग्रह त्यसकै लागि वस्तुको गर्नुपर्दछ ॥९१॥

अनि सङ्ग्रह गर्नाले बढी नै सुख मिल्दछ
भन्ने बुझाइ गल्ती हो थोरैमा पनि मिल्दछ ।
थोरैमा थपिँदा थोरै बढी नै सुख मिल्दछ
धेरैमा थपिँदा धेरै थोरैमा सुख मिल्दछ ॥९२॥

अभाव नहुँदासम्म महत्त्व कम भैदिने
आफूबाट भए टाढा महत्त्व तब झल्किने ।
हराएको कुनै वस्तु भेटिँदा सुख मिल्दछ
साथमा रहँदासम्म महत्त्व सब भुल्दछ ॥९३॥

नदीका ती किनारा झैँ जन्म र मृत्यु सत्य छ
यात्रा जीवन हो यस्तो सत्यमा गई मिल्दछ ।
साथी अनेक भेटिन्छन् यात्राको क्रममा तर
विस्तारै सब छुट्टिन्छन् छोडी जान्छन् सबै पर ॥९४॥

क्षणिक सुख भेटिन्छ दुःखको बीचमा पनि
दुःखमै सुख खोज्दै छ कतै पाइन्छ कि भनी ।
आशा निरासको माझ भौतारिँदै छ मानव
विकृति मनमा आई कहिले बन्छ मानव ॥९५॥

पखेटा नभई उड्न खोज्दै छ किन मानव ?
अशान्ति मनमा बोकी बन्दै छ किन दानव ?
हली बन्न भनी हिँड्छ गोरु भै बाँच्न बाध्य छ
अरूमा दोष थुपार्दै आफू चोखो भनाउँछ ॥९६॥

सुन्ने धैर्य घटाएर बोल्ने शक्ति बढाउँछ
सहने क्षमता छैन सधैँ नै बर्बराउँछ ।
आफ्नो गाडी कुदाएर आफै ऊ दङ्ग पर्दछ
बटुवा जनको पीडा बेवास्ता गर्न पुग्दछ ॥९७॥

दिनरात सदा दिन्छ स्वतः प्रकृति चल्दछ
रोपेकै बीज उम्रिन्छ त्यही बढेर फल्दछ ।
सजिलो मार्ग पाइन्न हिँड्नलाई सधैँभरि
मार्गमा आइपर्नेछन् विघ्न-बाधा थरीथरी ॥९८॥

यात्रा अटुट राख्नै छ नडराइ कतै पनि
आफ्नो कर्तव्यको मार्ग नछुटाई कतै पनि ।
अरूले कसरी हेर्छ पर्वाह नगरौँ रति
आफ्नो अठोटका साथ लाग्नु छ कर्ममा खटी ॥९९॥

सकिन्न गर्न क्यै भन्ने सोचको अन्त्य गर्नु छ
सकिन्छ सहजै भन्ने विश्वास बोक्नुपर्दछ ।
अगाडि लक्ष्यको विन्दु नजिकै देख्नुपर्दछ
विन्दु नै केन्द्रमा राखी कर्ममा जुट्नुपर्दछ ।।१००।।

बीजमा वृक्ष सिङ्गै छ थोपामा हुन्छ सागर
सीपमा सुन बर्सन्छ जसमा हुन्छ जाँगर ।
लिस्नु त एउटै हुन्छ चढ्न झर्न घरी-घरी
माटो त एउटै हुन्छ मूर्ति बन्छन् थरी-थरी ।।१०१।।

फलमा रस आफ्नै छ फूलमा पनि रङ्ग छन्
आफैमा पूर्णता ठानी फल र फूल दङ्ग छन् ।
स्वाभिमानी भई बाँच्ने कोसिस गर्नुपर्दछ
अरूको भरमा अड्ने सोचाइ त्याग्नुपर्दछ ।।१०२।।

बोटमा फल जो फल्छ मृत्तिकातिर झुक्दछ
फल्दैन तर माटामा आखिरी किन झुक्दछ ?
माटामा फल जो फल्छ गङ्गामा हुन्न त्यो किन ?
सबैको ठाउँ हो आफ्नै बस्न र अनि झुन्डिन ।।१०३।।

सबैको धर्म आफ्नै छ पालना गर्नुपर्छ नै
नगरे धर्मको ख्याल सजाय भोग्नुपर्छ नै ।
पानीको धर्म आफ्नै छ आफ्नै छ अग्निको पनि
धर्तीको धर्म आफ्नै छ आफ्नै छ वायुको पनि ॥१०४॥

प्राणी पिच्छे अलग्गै छ स्वधर्म बुझ्नुपर्दछ
सबैले धर्म जो आफ्नो पालना गर्नुपर्दछ ।
नबुझी धर्मको मर्म प्राणीको मति मासियो
श्रेष्ठ प्राणी भनौँदाले स्वधर्म छोडी मात्तियो ॥१०५॥

अरूमा ह्वैन विश्वास आफैमा गर्नुपर्दछ
लक्ष्यमा पुग्नका लागि आफै नै हिँड्नुपर्दछ ।
हात र पाउ साथी हुन् लिई हिम्मत बढ्नु छ
आपत्ति आउँदा धैर्य सबैले गर्न सिक्नु छ ॥१०६॥

असम्भव कुनै छैन राम्रो कार्य शुरु गरे
सहजै पार पाइन्छ नतर्सी कार्यमा जुटे ।
हुर्कने जीव पानीमा माटोमा बाँच्न सक्छ र ?
आफैमा नभई आँट जहाज हाँक्न सक्छ र ?॥१०७॥

अपमान सही बाँच्न भिखारी बन्नुपर्दछ
औषधी चिन्नका लागि विरामी हुनुपर्दछ।
आफन्त चिन्नका लागि दुःखमा पर्नुपर्दछ
भूमिमा झर्नको लागि बोटमै फल्नुपर्दछ ।।१०८।।

नमेट्ने वस्तुको खोजी मूर्खले मात्र गर्दछ
हुनेले मात्र चाहेमा मद्दत गर्न सक्दछ।
बलेको मात्र बत्तीमा पुतली घुम्ने गर्दछन्
बत्तीको तापले गर्दा जलेर त्यहीँ मर्दछन् ।।१०९।।

सुखको लालसा राख्दा जालमा प्राणी पर्दछ
अल्झिँदै जालमै प्राणी अन्त्यमा त्यहीँ मर्दछ।
अरूको दुःखमा रम्ने प्रवृत्ति त्याग्नुपर्दछ
सबैको दुःख उस्तै हो सोच यो राख्दुपर्दछ ।।११०।।

सहजै पाउँदासम्म दुःख गर्दैन क्वै पनि
पिठ्यूँमा बोकिँदासम्म हिँड्न खोज्दैन क्वै पनि।
हिँड्ने शक्ति हुँदासम्म सहारा किन खोज्नु र ?
प्रकाश पाउँदासम्म अँध्यारो किन रोज्नु र ?।।१११।।

तिरेर, तिर्नको सक्छ आमा र धर्तीको ऋण
सहजै लिन को सक्छ बाबु र गुरुको गुण ।
प्रकृति सबको साझा संरक्षण गरौँ मिली
आमा धरा सदा हाम्री खुसी राखौँ सबै मिली ॥११२॥

हिजोका दिन सम्झेर आज नष्ट नगर्नु है !
आजकै दिन हाम्रो हो प्रयोग गर्नुपर्छ नै ।
भोलिको दिन कस्तो छ देखिँदैन कतैतिर
भोलि देखिन्छ देखिन्न सत्य यो छ अघिल्तिर ॥११३॥

आजकै लागि हो सृष्टि बुझेर कार्यमा जुट
आनन्द सुख जो मिल्छ सकेको जति त्यो लुट
अरूलाई नछोएरै दौडमा अघि बढ्नु छ
लक्ष्यप्राप्ति भए मात्र पाइला तब रोक्नु छ ॥११४॥

आफू नै सब हो सम्झी कर्ममा जुट्नुपर्दछ
नरहे जिन्दगी आफ्नो ऐश्वर्य सब व्यर्थ छ ।
रहे देह सबै आफ्नो सबैले बुझ्नुपर्दछ
नबुझ्ने नरका लागि जिन्दगी पनि व्यर्थ छ ॥११५॥

आँखा देख्न सकेमात्र रङ्गीन विश्व भैदिने
आफू हाँस्न सकेमात्र अरूको सुख देखिने ।
बीज भित्र भए शक्ति प्रस्फुट हुन सक्दछ
भित्र शान्ति भए मात्र बाहिर शान्ति मिल्दछ ।।११६।।

बनाऊ प्रेमको भट्टी जलाऊ राग-द्वेष ती
सजाऊ प्रेमले धर्ती बदला नलिई रति ।
फुलाऊ प्रेमको फूल सप्तरङ्गी जतातते
मिलाऊ प्रेमले हात दीन-दुःखीहरू सँगै ।।११७।

सेवामा सुख पाइन्छ सन्तोष मिल्छ दानमा
क्षमाशक्ति भएमात्र बाँच्न सकिन्छ शानमा ।
बाटेर प्रेमको धागो माला उन्नु छ विश्वको
सबै हामी भई एक माला बन्नु छ प्रेमको ।।११८।।

जोडेकै वस्तु छुट्टिन्छन् फुट्ने अरू त गर्दछन्
सिएकै वस्तु उध्रिन्छन् च्यातिने सब गर्दछन् ।
फुलेकै फूलमा बस्छन् माहुरी पुतलीहरू
सडेका वस्तुमा बस्छन् भिँगा र भुसुनाहरू ।।११९।।

रहँदासम्म हो आफ्नो जे गर्नु छ गरौँ सब
पछि खोजेर पाइन्न अरूको हुन्छ त्यो जब ।
आफूमा रहँदा शक्ति आफ्ना भैँ सब लाग्दछन्
गुम्दछ जब त्यो शक्ति छायाँभैँ पर भाग्दछन् ॥१२०॥

सबैको स्थान आफ्नै छ बस्नुलाई सुहाउने
आआफ्नै स्थानमा मिल्छ खुसी साथ रमाउने ।
नमिल्ने स्थानमा बस्दा इज्जतै कति मिल्छ र ?
अपमान सही बस्न सहजै कति हुन्छ र ?॥१२१॥

आफ्नै स्थान सधैँ हुन्छ सम्मानित र सुन्दर
जोगाई स्थानको कीर्ति बस्नु नै अति सुन्दर ।
स्थिर भै स्थानमा बस्न सबैले सक्छ नै कहाँ ?
पूज्य स्थान त्यही हुन्छ बसिन्छ स्थिर भै जहाँ ॥१२२॥

महासागरको स्थान स्थिर नै छ सधैँभरि
नद-नदी त पुग्दै छन् सागरमा बराबरी ।
देह ईश्वरको अंश उही नै गई मिल्दछ
प्रकृतिसँगको नाता क्षणमै सब टुट्दछ ॥१२३॥

अनेकौँ दुःखको माझ सहेरै बाँच्नुपर्दछ
सुखका क्षण सम्झेर दुखमा हाँस्नुपर्दछ ।
कल्पना दुःखको गर्दा दुखमै बित्छ जीवन
कल्पना सुखको गर्दा सुखमै बित्छ जीवन ॥१२४॥

बितेका दिन सम्झेर पछुतो मान्दछौ किन ?
कठिन दिनका लागि पर्खेर बस्दछौ किन ?
सुनौला दिन बित्दै छन् पर्खिँदैन कुनै क्षण
सुकर्म त्यसले गर्छ सत्यताको बुझीकन ॥१२५॥

खुसी साथ बसौँ आज गरी प्रेम सबैसँग
सकेसम्म रहौँ साथ हिँड्नुपर्छ यहाँ सब ।
अरूले के गरे भन्दै खोज्दै हिँड्नु बेकार छ
सक्दछु गर्न आफू के यो सोच्नु अनिवार्य छ ॥१२६॥

अरूको साधना देख्दा बेखुसी किन बन्नु र !
होच्याएर कसैलाई दुर्वाच्य किन भन्नु र !
दुखाई सबको चित्त के प्राप्ति हुन्छ नै यहाँ
हेरेर सबको आँसु सन्तुष्टि मिल्छ नै कहाँ ?॥१२७॥

आफूले नसके गर्न ठाउँ छोडी दिनै पऱ्यो
अरूले कसरी गर्छ हेरेर सिक्नु त्यो पऱ्यो ।
कमी के छ स्वयंभित्र पहिचान भयो भने
अघि बढ्न सुधारेर सजिलो हुन्छ नै भने ॥१२८॥

बहाना कति गर्ने हो जिन्दगीमा घरिघरी
सपना कति देख्ने हो भोग गर्ने थरीथरी ।
नपुग्ने चाहना राख्नु दुःखको प्राप्ति मात्र हो
यी कुरा जसले बुझ्छ उसमा सुख प्राप्ति भो ॥१२९॥

अरूको आशमा बाँच्ने सोचाइ अन्त्य गर्नु छ
आफ्नो शक्ति जगाएर अडिने स्थान खोज्नु छ ।
हात-पाउ चलेसम्म क्यै काम गर्नुपर्दछ
कौडाको साथमा बस्दै सुवास छर्नुपर्दछ ॥१३०॥

सबैको साथमा बाँच्ने प्रयत्न गर्नुपर्दछ
अरूको सुखका लागि सेवामा लाग्नुपर्दछ ।
खुसी भै बाँच्नका लागि पीडामा रम्न जान्नु छ
सहेर सबको गल्ती अर्ती हो बुझ्नुपर्दछ ॥१३१॥

ठूलो सम्भी सबैलाई आदर गर्न सिक्नु छ
सबैमा ज्ञान क्यै हुन्छ भन्ने सत्य स्विकार्नु छ ।
बाहिर देखिने रूप सबैले देख्न सक्दछन्
उभित्र रहने तत्त्व थोरैले मात्र देख्दछन् ॥१३२॥

भित्री तत्त्व बुझेमात्र भेटिन्छ रस सागर
सुख शान्ति सबै मिल्छ देखिन्छ सब सुन्दर ।
नखोजीकन पाइन्न खोज्नुपर्छ निरन्तर
खोजी कार्य भएमात्र प्राप्ति हुन्छ अघिल्तिर ॥१३३॥

मडारिन्छ सधैँ कालो बादल नभमा किन ?
युद्ध मैदान झैँ लाग्छ मेघ गर्जन्छ छिन्छिन ।
बिजुली चम्किँदा लाग्छ सृष्टि नै अन्त्य हुन्छ कि ?
त्रासले जीव काँप्दै छन् अनेकौँ तर्कना गरी ॥१३४॥

बर्सन्न कहिल्यै पानी एकनास सबैतिर
कहाँ के कसरी हुन्छ ? वर्षा भन्ने सधैँ पिर ।
चारैतिर जमेका छन् आफ्नै किल्लासरी गरी
अग्रगामी बनेका छन् युद्ध गर्न अघि सरी ॥१३५॥

आशामा छन् सबै जीव आकाशतिर हेर्दछन्
काला बादलका भीड बढेका जब देख्दछन् ।
शक्ति प्रदर्शनी गर्दै कुदेका छन् यसै यसै
मदमत्त भएजस्तै हुत्तिँदै छन् त्यसै त्यसै ।।१३६।।

उज्यालो नभ ढाकेर फैलिँदै छ जतातत‍ै
देखिँदैन कतै सूर्य हराएझैँ यतै कतै ।
बाटो छर्लङ्ग देखिन्न धमिलो छ सबैतिर
अगाडि बढ्न गाह्रो छ खाल्टाखुल्टी कतैतिर ।।१३७।।

जीवको जीविका चल्ने आधार सब भासियो
हिजोका सब संयन्त्र एक्कासि सब मासियो ।
सुख्खा बाँडी पसेझैँ छ वस्ती सारा डडी सके
उद्धार कसले गर्ने प्राणी सारा मरी सके ।।१३८।।

छिमेकी सब आएर हेर्न थाले सबैतिर
के गर्दा फाइदा हुन्छ सोच्न थाले त्यतैतिर ।
रमिता हेर्नका लागि रमिते सब वैरिए
पीडाका आँसु देखेर सबैका देह वैलिए ।।१३९।।

गरे आर्जन पुर्खाले आफ्नो बली चढाउँदै
भोक तिर्खा सही बाँचे शान शक्ति बढाउँदै ।
आफ्ना सन्तानका लागि सुखको कामना गरी
ज्यान अर्पेर लागेथे दुःख भोग थरीथरी ॥१४०॥

पुर्खाको गुण सम्झेर सम्हाल्नुपर्छ यो धन
भाइ भाइ मिली बस्दा सक्दैन पस्न दुश्मन ।
सित्तैमा पाइयो भन्दै जथाभावी गऱ्यौ भने
रहन्न धन यो हाम्रो सन्तान मर्दछन् भने ॥१४१॥

बनेको घरमा बस्दा सबैमा सुख मिल्दछ
सबैको भाग्यमा जे छ त्यही नै सब मिल्दछ ।
सबैको घर यो साझा मिलेर बस्नुपर्दछ
बिग्रिएमा कुनै भाग मर्मत गर्नुपर्दछ ॥१४२॥

जाडो गर्मी सही बस्न सबैले सिक्नुपर्दछ
दुःख पर्दा मिली बस्न सबैले सक्नुपर्दछ ।
परिवार मिली बस्दा घरको हुन्छ उन्नति
माहुरी झैँ बने हामी सबैको हुन्छ उन्नति ॥१४३॥

भाइ भाइ गरे युद्ध विनाश हुन्छ निश्चित
छिमेकी सबले हेप्छन् बँच्दैन शान इज्जत ।
चुला धेरै बनाएमा निश्चयै खर्च बड्दछ
विकास गर्नको लागि लगानी पनि घट्दछ ॥१४४॥

परिवार मिलेसम्म बलियो हुन्छ त्यो घर
सबै मिली गरे काम नबन्ने काम के छ र ?
एउटै लक्ष्य बोकेर काम गर्ने गर्‍यौं भने
सहजै देख्न पाइन्छ सोचेको उन्नति भरे ॥१४५॥

घर नै स्वर्ग हो हाम्रो हामी देवत्व बन्नु छ
सबैको हितका लागि सत्कर्म गर्नुपर्दछ ।
कदापि सुख पाइन्न घर छोडी गए पर
आफन्तसँगको मेल पाइँदैन कतैतिर ॥१४६॥

अर्काको घरमा बस्दा सहेरै बाँच्नुपर्दछ
सधैँ नै डर बोकेर काममा लाग्नुपर्दछ ।
झिकेर लिन पाइन्न थापेर लिनुपर्दछ
भोक-प्यास दबाएर काममा लाग्नुपर्दछ ॥१४७॥

आफ्नै घर सजाएर बस्ने निधो गरौँ अब
मिलीजुली बसौँ हामी अटाइन्छ यहाँ सब ।
हातेमालो गरी सारा काम सम्पन्न गर्नु छ
छिमेकी सबका सामु उन्नति अब गर्नु छ ।।१४८।।

साँघुरो सोच त्यागेर नयाँ सोच भरौँ अब
पुराना वृक्षका ठाउँ नयाँ बीज छरौँ अब ।
परिवर्तनको लागि नयाँ पात पलाउला
हुर्काएर नयाँ वृक्ष नयाँ फल फलाउँला ।।१४९।।

उत्साह सबमा आई नयाँ बिहान आउँछ
खुसी र हर्षका साथ सबैको मन छाउँछ ।
पुराना घटना भुल्दै नयाँ स्थापित गर्नु छ
सबैको घर यो हाम्रो सुन्दर अब पार्नु छ ।।१५०।।

चाहना सबका पुग्छन् सबैमा खुसी छाउँछ
स्वर्ग झैँ घर यो बन्छ सम्पत्ति सब आउँछ ।
दुष्ट शक्ति सबै भागी दैवीशक्ति उदाउँछ
सबैमा प्रेमको भाव आफै भित्र पलाउँछ ।।१५१।।

पीडाको घर हो देह नछुट्ने कहिल्यै पनि
देहमा जीवको वास रहँदासम्म हुन्छ नि !
जन्मिँदा साथमा आयो मृत्युको साथ जान्छ यो
मान्छेको देहमा बस्छ कता कता लुकेर यो ।।१५२।।

अनेकौँ रूपमा आई सताउँछ सधैँभरि
बेचैनी देहमा पार्छ रुवाउँछ घरीघरी ।
बालवृद्ध सबैलाई जालमा पार्दछ किन ?
सहन नसकी कष्ट छट्पटी हुन्छ छिन्छिन ।।१५३।।

पीडाका रूप छन् धेरै छिरिदिन्छन् जताततै
कसैलाई नछाडेर फैलिदिन्छन् जतासुकै ।
सबैले देखिने पीडा सबैमा हुन्छ के कहाँ ?
भित्रभित्रै बसी यल्ले बिगार्नेछ जहाँ तहाँ ।।१५४।।

पीडा देखिन्छ सर्वत्र आँसु बुझ्ने भए भने
पीडा देखिन्छ आफ्नामा आफन्त नै रहे भने ।
आगोले झैँ जलाएर देह खाग बनाउँछ
बाहिर नहुँदा केही भित्रभित्र गलाउँछ ।।१५५।।

सबैमा सहने शक्ति समान हुन्छ नै कहाँ ?
पीडाको बोधमा भिन्न त्यसैले गर्दछन् यहाँ ।
अरूबाट यही मिल्दा सजिलैसँग पच्दछ
पीडा जो दिन्छ आफ्नाले त्यो मुटुभित्र गड्दछ ।।१५६।।

समय चक्रले गर्दा फेरिन्छ देहको स्थिति
सुखदायी हुने वस्तु पीडादायी हुने गति ।
अपमान सही बाँच्न सकिँदैन कसैगरी
वाणीको बाणले लाग्दा पीडा हुन्छ घरी घरी ।।१५७।।

सँगैका साथीले साथ छोडेझैँ लाग्दछ किन ?
यताउति घुमी हेर्छु कतैतिर म देख्दिनँ
सुखमा सबले साथ दिएझैँ लाग्दथ्यो तर
देखावटी सबै रे'छ कसैको नहुने भर ।।१५८।।

जालमा फसिँदा आफू सहारा लिनुपर्दछ
सुखमा देखिने आफ्ना दुःखमा पर सर्दछ ।
दुःखमा नहुने मान्छे पछि आवश्यकै किन ?
तत्कालै छाड्दिनै पर्छ त्यस्ताखाले सबै जन ।।१५९।।

आफ्नो स्वार्थ पूरा गर्न बहाना ती कसैगरी
पुऱ्याई मनको इच्छा रूप फेरि थरी-थरी ।
देखिने रूप अर्कै छ भाषा अर्कै छ बोलिने
भित्रभित्र लिई कैँची मुटुभित्र पसी दिने ।।१६०।।

उठाई काँधमा राख्ने मान्छेलाई भुली दिने
मातापिता रुवाएर आफै वस्तु लुछी दिने ।
विनाकाम बसी खाए बुढाबुढी भएँ भनी
नराखौँ घरमा भन्दै अन्तै छोड्न लगे अनि ।।१६१।।

ख्याल छैन कतै आज पाप र धर्मको पनि
अत्याचारी भए मान्छे सत्कर्म छैन क्यै पनि ।
नासिँदै छ सबै धर्म कसरी अड्छ यो भव
बसी घर कहाँ अड्छ भत्किँदा त्यसको जग ।।१६२।।

विपरीत भयो बुद्धि मान्छेमा कसरी यहाँ ?
सद्बुद्धि कसरी मिल्ला मान्छेको मनमा यहाँ ?
सबैमाथि कृपादृष्टि प्राप्त होस् परमेश्वर !
सुख समृद्धिको बाटो हिँड्न पाऊँ बराबर ।।१६३।।

कर्म नै धर्म हो ठान्दै जुट्दछ कर्ममा सधैँ
आफ्नो कार्य गरी बस्छ बरालिँदैन त्यो कतै ।
सानाठूला सबै कार्य खुसीका साथ गर्दछ
मिलेरै कार्य त्यो गर्छ सबैमा प्रेम भर्दछ ।।१६४।।

मिलेरै कमिला बस्छन् गर्छन् काम मिलेर नै
सुख दुःख सही आफै बाँचेका छन् खटेर नै ।
शक्तिका स्रोत झैँ लाग्छ फूर्तिला बन्न दिन्दिन
नथाक्ने कमिला जाति दैवको सृष्टिमा किन ?।।१६५।।

विशाल कामका प्राणी फूर्तिला कम पाइने
कार्यप्रति सधैँ अल्छी थाकेका पनि देखिने ।
आज्ञाको पालना गर्छन् अनुशासित भैकन
आफ्नो कार्य सफा गर्छन् विचलित नभैकन ।।१६६।।

गाह्रो काम नठानेर रमाई काम गर्दछन्
अरूको मुख ताक्दैनन् आफू नै पर सर्दछन् ।
सधैँ तयार देखिन्छन् जता जान परे पनि
आफ्नो कार्य गरी बस्छन् जल्ले जे जे भने पनि ।।१६७।।

आफ्नो कर्तव्य ठानेर काममा अघि सर्दछन्
अठोट काममा राख्दै पूरा त्यो गर्ने गर्दछन् ।
आफू सानो भएजस्तो सोच्दैन कहिल्यै पनि
पदको लागि लड्दैन सोच्दैन मनमा पनि ॥१६८॥

आफ्नो लागि भनी छुट्टै गर्दैन आर्जनै पनि
छुट्टै केही गरौँ भन्ने देखिन्न चाहना पनि ।
वर्गकै हित सोचेर काम गर्छन् निरन्तर
जीवको मर्म जानेर कर्म गर्छन् बराबर ॥१६९॥

अरूको सुखमा डाह गर्दैन कहिल्यै पनि
अरूको कर्मको मार्ग छेक्दैन कहिल्यै पनि ।
लुटेर अरूको वस्तु लिने गर्दैन क्यै पनि
पाएको वस्तु छोड्दैन जस्तो दुःख परे पनि ॥१७०॥

जानकारी सबै राख्छन् सूचना लिन सक्दछन्
आफन्तसँग भेटेर सल्लाह लिन खोज्दछन् ।
सहजै गर्दछन् यात्रा जहाँ जानुपरे पनि
छरितो देहले गर्दा अप्ठेरो हुन्न क्यै पनि ॥१७१॥

बरको वृक्षले आज चौतारी छोड्न बाध्य भो
दशकौँसम्मको शान क्षणमै सब ध्वस्त भो ।
छहारी सबमा मिल्थ्यो ऊर्जा मिल्थ्यो सधैँभरि
बटुवा मस्त भै सुत्थे आमाकै काखमा सरि ॥१७२॥

पंछीले बासका लागि बसौँदेखि चुनी रहे
हुर्किए उनका चल्ला ठूला भई सबै उडे ।
सहेर देहको पीडा कर्तव्य पथमा रही
निभाई भूमिका आफ्नो सुकीर्ति जगमा छरी ॥१७३॥

प्रकृतिसँगको नाता गाडा राखी सधैँभरि
प्राणीको हितका लागि सेवा दिई थरी-थरी ।
उजीर्ण नहुँदासम्म अरूकै हितमा रही
आफू भित्रै दबाएर मनका वेदना सही ॥१७४॥

शक्तिहीन भई देह फैलिने गति बन्द भै
ठडी नै हुन गो गाह्रो पाचनशक्ति मन्द भै ।
अहो ! दुर्भाग्य भो आज सबैको आस टुङ्गियो
एक्कासि ढल्न गो वृक्ष धराको साथ सिद्धियो ॥१७५॥

सबैको गति यस्तै हो ढल्नुपर्छ कुनै दिन
आफ्नो काम सकाएर फर्किनैपर्छ तत्क्षण ।
बुझाई मनको आगो शान्त भै बाँच्नुपर्छ
दुःखको अन्त्य भो सारा सबले जान्नुपर्छ ।।१७६।।

खुसी पाइन्न मागेर बिक्रीमा हुन्न त्यो पनि
खोजेर पनि पाइन्न देखिँदैन कतै पनि ।
सबैको चाह यौटै छ आनन्द प्राप्त होस् भनी
के गर्दा कसरी मिल्छ प्रयत्न गर्दछन् पनि ।।१७७।।

सुख शान्ति र आनन्द प्राप्तिको चाहना गरी
अनेकौं मार्ग खोज्दै छन् मानिसले घरी घरी ।
यता हेर्छ उता हेर्छ तल-माथि ऊ हेर्दछ
पाएझैं कहिले गर्छ क्षणमै दङ्ग पर्दछ ।।१७८।।

स्थायी रहन्न आनन्द सुख र शान्तिको स्थिति
न पुग्छ मनको इच्छा सोचेको मनले जति ।
आधा गाग्री भएजस्तै छचल्किन्छ यताउता
मन अस्थिर भैदिन्छ दौडिदिन्छ कता कता ।।१७९।।

बाँधेर मन यो हाम्रो जसले राख्न सक्दछ
दुःखको अन्त्य मानेर खुसीले हाँस्न थाल्दछ ।
अँध्यारो सकिँदा आफै उज्यालो नाच्न थाल्दछ
बिहानी आउँदा आफै कोपिला हाँस्न थाल्दछ ॥१८०॥

आफैलाई नियालेमा खजना मिल्न सक्दछ
आफैलाई गरे प्रेम अनेकौं फूल फुल्दछ ।
सुख शान्ति र आनन्द भेटिन्छ देह माझमै
विश्वरूप भए आफै नभेट्ने चिज के छ नै ॥१८१॥

वस्तु आयात गर्दैमा देश कङ्गाल भैसक्यो
निर्यात बढ्नुको साटो घट्दै तल गई सक्यो ।
विदेशी वस्तुको मोह बढेको सबमा किन ?
विलासी वस्तु आयात बढ्दै छ अझ यो किन ?॥१८२॥

कृषि प्रधान यो देश भन्नु नै लाज मर्नु भो
विदेशी अन्न तर्कारी झिकाई खान बाध्य भो ।
कृषियोग्य जिमी नाशी निर्माण भो जतातत्तै
प्रकृतिसँग जुध्दै छ बाँकी भूमि सधैँ यतै ॥१८३॥

कृषिक्षेत्र सुधारेर योग्यता भर्नुपर्दछ
विदेशिने युवालाई देशमै राख्नुपर्दछ ।
आय आर्जनको बाटो अर्को कुनै हुने गरी
काम गर्ने युवालाई मद्दत राज्यले गरी ॥१८४॥

यान्त्रिक सुविधायुक्त कृषिक्षेत्र बनाउँदै
निर्यात योग्यबालीको उत्पादन बढाउँदै ।
निर्यात गर्नको लागि सुविधा दिनुपर्दछ
बाधा फुकाउने चासो राज्यले लिनुपर्दछ ॥१८५॥

उपभोग गरौँ आफ्नै स्वदेशी वस्तुको भनी
सबैमा भावना जाग्ने प्रयास गर्नुपर्छ नि !
अघि सरेर यो राज्य लाग्नुपर्दछ कर्ममा
राष्ट्रिय भावना आफै जाग्नुपर्दछ देशमा ॥१८६॥

नीति निर्माणमा बस्ने व्यक्तिले सच्चिनै पर्‍यो
पवित्र सोच बोकेर पदमा बस्दिनै पर्‍यो ।
भ्रष्टाचार हटाएर स्वच्छता देखिनै पर्‍यो
दोषीलाई कडा दण्ड दिने कार्य हुनै पर्‍यो ॥१८७॥

आफ्नो सम्झेर धर्तीमा जगेर्ना देशको गरौँ
उन्नति राष्ट्रको गर्न अघि-अघि सबै सरौँ ।
समन्वय गरी बस्दै सँगै काम गरौँ मिली
गरेका कार्य स्थायी हुन् मितव्ययी हुने गरी ॥१८८॥

राष्ट्रिय हित सोचेर काममा लाग्नुपर्दछ
वर्गीय हितको सोच सबैले त्याग्नुपर्दछ ।
समृद्ध राष्ट्रमा बस्दा सबैको ज्ञान बढ्दछ
राज्यकै साथ पाएर व्यक्तिको प्राण अड्दछ ॥१८९॥

जे हुन्छ साथमा आफ्नो त्यही नै भोग्य सम्झनू
जो हुन्छ दुःखमा आफ्नो त्यही नै योग्य सम्झनू ।
अनेकौं पात्र भेटिन्छन् यात्राको क्रममा तर
सधैँ साथ हुने साथी भेटिँदैन कतैतिर ॥१९०॥

छुटेका मित्र सम्झेर चिन्ता गरेर हुन्छ के ?
आफूसँग भएकाको सम्मान गर्नुपर्छ रे !
बितेको क्षण फर्किन्न जति पीर गरे पनि
जो जे छ साथ आफ्नो छ त्यसैमा रम्नुपर्छ नि !॥१९१॥

भएकामा सबै देख्ने अभ्यास गर्नुपर्दछ
जो छन् साथ तिनैलाई महत्त्व दिनुपर्दछ ।
जहाँ जे सहजै मिल्छ त्यसैको गर्नु सङ्गत
त्यसैबाट सबै मिल्छ खुसी आनन्द अन्ततः ॥१९२॥

खुसीको दिन खोजेर पाइँदैन कतै पनि
खुसीको दिन आजै हो सम्झेमा मिल्छ त्यो पनि ।
एकैनास सधैँ हुन्न दिन र रातको स्थिति
परिवर्तन भैदिन्छ हरेक दिनमा मिति ॥१९३॥

आफ्नो संसारको राम्रो अझ राम्रो गरौँ मिली
सबै एक भए हामी विश्व हुन्छ झिलीमिली ।
सबै मिली बसेमात्र अस्तित्व बँच्न सक्दछ
भलाइ यसमै हुन्छ सबैको शान बच्दछ ॥१९४॥

अनौठो जीव यो कस्तो धर्तीमा जन्मियो किन ?
कहिलेसम्म यो बस्छ के गर्ने गर्छ दिन्दिन ।
चासो छ सबको यस्तै यत्र तत्र जहाँ पनि
धर्तीको हितमा यल्ले के के गर्ने गऱ्यो भनी ॥१९५॥

नखाने वस्तु नै छैन धर्तीमा उब्जनेजति
नभर्ने पेट त्यो कस्तो निलेका छन् मिलेजति ।
धन सम्पत्तिका लोभी नपुग्ने कहिल्यै पनि
जम्मा ती गर्नु नै पर्ने जस्तो कार्य गरे पनि ।।१९६।।

अर्काको हित सोच्दैन जे जे कर्म गरे पनि
नभर्ने पेट बोकेर डुल्ने गर्छ जता पनि ।
धर्म-पाप पचाएर लाग्दछ नीच कर्ममा
हत्या-हिंसा सबै गर्छ सम्झन्छ उच्च वर्गमा ।।१९७।।

मिलेर बस्न जान्दैन आफ्नैमा युद्ध गर्दछ
सानालाई सताएर ठूलो भन्ने हुँ गर्दछ ।
सहेर बस्न को सक्छ अत्याचार सधैँभरि
हेपाइ कसरी खप्ने सानामाथि घरी-घरी ।।१९८।।

धर्ती यो सबको साझा सबैले बस्नुपर्दछ
खुसीले बाँच्नका लागि धर्ती यो हुनुपर्दछ ।
धर्तीलाई सजाएर सबैले बाँच्नुपर्दछ
यो धर्ती घर हो हाम्रो बचाई राख्नुपर्दछ ।।१९९।।

दादागिरी सधैँ गर्ने आफै सर्वज्ञ भै दिने
आफू नै बलियो ठान्दै श्रेष्ठतामा छ कुर्लने ।
अब यो जीवले आफ्नो चरित्र फेर्नुपर्दछ
अन्यथा सब प्राणीले मिलेर खेद्नुपर्दछ ॥२००॥

देखिँदैन कुनै वस्तु दृष्टि शून्य भयो भने
एउटै रङ्ग देखिन्छ चस्मा रङ्गीन भो भने ।
सीसा फेरेर चस्माको रङ्ग फेरिन्छ वस्तुमा
अरू नै सत्यता हुन्छ भ्रम फैलिन्छ अन्त्यमा ॥२०१॥

आफूमा क्षमता छैन खोला तरेर निस्कने
अरूकै भरमा चल्छ अरूमै सब रित्तिने ।
सहजै पाउँदासम्म दुःख को गर्न खोज्छ र !
दिन बाँकी हुँदासम्म अँध्यारो किन सोच्छ र !॥२०२॥

समात्न सकिने वस्तु मात्रै कोसिस गर्दछन्
नसक्ने वस्तु पाएमा नछोइकन छाड्दछन् ।
सम्पत्ति नहुँदासम्म अरूको गर्दछ क्षय
खुसी ऊ यसमै हुन्छ देख्दैन उसले भय ॥२०३॥

हुनेले डर यो लिन्छ कतै नोक्सान हुन्छ कि !
बचाई कसरी राख्ने आफ्नो यश र सम्पत्ति ।
वस्त्र धारण जो गर्छ उसैमा लाज बस्दछ
नभए देहमा वस्त्र ऊ विनालाज मस्त छ ॥२०४॥

नहुँदा देहको माया डर के मान्नुपर्छ र !
नभए मनमा इच्छा वस्तु के छान्नुपर्छ र !
नजाने ठाउँको बारे चासो राख्नुपऱ्यो किन ?
नखाने वस्तुको बारे स्वाद जान्नुपऱ्यो किन ?॥२०५॥

पसिनासँग हिँड्दै थेँ बाटामा आँसु भेटियो
आँसुको वेदना सुन्दा पसिना सब रोकियो ।
महत्त्व सबको हुन्छ आफ्नो धर्म निभाउँदा
अस्तित्व सबको हुन्छ कर्तव्य पथमा हुँदा ॥२०६॥

मूल रूप समानै छ आँसु र पसिनासँग
भूमिका मात्र हो भिन्न पीडा नै छ दुवैसँग ।
आभास सुखको मिल्छ दुखैमा बित्छ जीवन
सहनुपर्छ नै सारा अचानु झैँ भई कन ॥२०७॥

लुक्ने ठाउँ कतै छैन दुःखबाट बचौँ भनी
गरेर सक्नु पो के छ गर्नुपर्ने सकौँ भनी ।
चल्दै छ श्वास यो ऐले रोकिन्छ कसरी कहाँ ?
छोड्नु छ देह यो हाम्रो जानुपर्छ कहाँ कहाँ ?॥२०८॥

थाकेको जीर्ण यो देह रहेर अर्थ के छ र !
बाँच्ने इच्छा अझै हुन्छ बुझेर दुःखको घर ।
दुःखको अन्त्य हो मृत्यु शरीर नहुँदा यहाँ
आत्माको मार्ग अर्कै छ पुग्नुपर्दछ त्यो कहाँ ?॥२०९॥

चाहेर मृत्यु पाइन्न बाधाहरू अनेक छन्
आएर सबले घेर्छन् अनेकौँ तर्क गर्दछन् ।
टुङ्गिन्छ धरणी साथ विलय हुन्छ शून्यमा
सबैको गति यौटै हो रित्तिन्छ सब अन्त्यमा ॥२१०॥

अबोध बालको जस्तै जिद्दी गर्दछ मानिस
सल्लाह नगरी आफै डुक्रन्छ किन साविक ।
अमूल्य वस्तु छाडेर खाली टीन बजाउँछ
मिलेका वस्तुको वास विनाकाम चलाउँछ ॥२११॥

स्थिरासन छँदै छैन सधैँ नै सल्बलाउँछ
नधुने वस्तुमा हात हालेर खल्बलाउँछ।
कुनै वस्तु नयाँ पाए खेलाएर रमाउँछ
नबुझीकन त्यो वस्तु बुझेको झैँ जनाउँछ॥२१२॥

अरूले कसरी बुझ्छन् वास्ता गर्दैन क्यै पनि
अरूको नगरी ख्याल जिद्दी गर्दछ तैपनि।
चाहेको नमिलेसम्म छट्पटी अति गर्दछ
हासिल कसरी गर्ने त्यसैमा खोज गर्दछ॥२१३॥

लाभ हानी कहाँ हुन्छ पर्वाह नगरी कुनै
नतिजा पनि के हुन्छ वास्ता गर्दैन त्यो कुनै।
के गर्छ त्यसले भन्ने अन्दाज नहुँदा पनि
लागि पर्छ उसैतर्फ नशा लागेसरी बनी॥२१४॥

भोलि के कसरी हुन्छ चासो छैन कतैतिर
आजकै जगमा बन्छ भोलिको उच्च मन्दिर
मिलेर सबले आज बनाऔँ जग सुन्दर
आफ्नो हठ सबै छाडी मिलेर बस्न हुन्न र ?॥२१५॥

अरूको वस्तु ल्याएर आफ्नो भनेर गम्किने
अरूको बुइँमा चढ्दै हिँड्छु भनेर चम्किने ।
हावा भरेर फुल्दैमा मोटाइ कसरी लिने
कलङ्क कुलमा लाग्दा आँसुले कसरी धुने ॥२१६॥

बसेकै घरमा आगो लगाई हाँस्दछौ भने
बसेकै वृक्षको फेद काटेर नाच्दछौ भने ।
विनाश कसको हुन्छ ? आफ्नै हुन्छ बुझौँ सब
अरूले रमिता हेर्छन् घटना घट्दिँदा जब ॥२१७॥

कुकर्म जसले गर्छन् दुःखमा पर्दछन् उही
रोपकै बीज उम्रिन्छन् बाटोमा फल्दछन् त्यही ।
अरूको भरमा पर्दा पीडा नै भोग्नुपर्दछ
कामको गति बढ्दैन विकास पछि पर्दछ ॥२१८॥

लँगडाको लिई साथ शिखर कसरी छुने ?
इच्छाशक्ति भए शून्य विजयी कसरी हुने ?
धेरै उपाय पाइन्छन् खोज्ने इच्छा हुनै पर्‍यो
उन्नति गर्नको लागि कार्यमा जुट्नु नै पर्‍यो ॥२१९॥

आफ्नालाई रुवाएर बाँच्नुको अर्थ के रह्यो ?
आफ्नो इच्छा दबाएर साँच्नुको अर्थ के भयो ?
मृत्युमा आँसु झार्नेको संख्या छैन भने कतै
कमाइ शून्य भो सारा गएछ जिन्दगी त्यसै ॥२२०॥

सम्झिन सजिलो हुन्छ गाह्रो पर्दछ बिर्सन
बिर्सने नहुँदा शक्ति छट्पटी हुन्छ जीवन ।
बितेका दुःखका याम चिमोट्ने गर्छ दिन्दिन
अनेकौं घटना आई बाटो छेक्छन् सबै क्षण ॥२२१॥

सुखका क्षण बिर्सिन्छ सम्झिन्छ दुखका क्षण
निलेको याद आउन्न अड्केको दुख्छ त्यो क्षण ।
पड्किन्न शब्दको गोली तर दुख्छ असह्य भै
छिया छिया गरिदिन्छ मित्र बस्छ अभिन्न भै ॥२२२।

गल्ती हुन्न कुनै आफ्नो लाञ्छना लाग्छ व्यर्थ नै
दोषी झैं देखिने गर्छ नबुझ्ने सब चित्र झैं ।
प्रायोजित हुने गर्छन् यस्ता खाले क्रियाहरू
नीच व्यक्तिहरू गर्छन् निकृष्ट यी क्रियाहरू ॥२२३॥

सकिन्न सजिलै भुल्न बितेका दुःखका दिन
अनेकौँ चोटका बीच वृक्ष बढ्छ दिनै दिन ।
पीडा भुल्न सकेमात्र जिन्दगी चल्न सक्दछ
अन्यथा पर त्यो हुन्छ मक्किन्छ अनि सड्दछ ॥२२४॥

धराजस्तै बनौँ हामी सहने शक्तिका धनी
उठाएर सबै बोझ अघि बढ्न सकौँ अनि ।
जलाई प्रेमको ज्योति अन्धकार चिरौँ सब
सबै एक भई बाँच्ने समय ठीक भो अब ॥२२५॥

सुखमा कसरी बाँच्ने चाहना सबको हुने
नपुग्दा मनको इच्छा उदास जिन्दगी हुने ।
सन्तोषी मनले मात्र खुसी भै सुख पाउँछ
तत्त्व यो नबुझी मान्छे व्यर्थैमा दुःख पाउँछ ॥२२६॥

नरहे देहमा जीव विश्वको अर्थ के हुने
बलेको मात्र बत्तीमा तेल थप्दा निको हुने ।
कहिलेसम्म हो यात्रा कसरी अन्त्य हुन्छ यो
के के देख्नु छ बाँचेर कसले भन्न सक्छ यो ॥२२७॥

भोगिने वस्तुको इच्छा नबाँच्दा कसरी हुने
बाँचेको स्थितिमा मात्र अनेकौँ चाह भै दिने ।
बाँचेका सबलाई नै संसारमा क्रिया हुने
अनेकौँ सुख भोगेर विश्व कीर्ति रही दिने ॥२२८॥

प्रयास बाँच्नको लागि सबैले गर्नुपर्दछ
अगाडि आउने बाधा मिलेर टार्नुपर्दछ ।
चुनौती जसमा हुन्छ अवसर त्यहीँ हुँदा
बुझेर अघि जो बढ्छ हुन्छ नै विजयी सदा ॥२२९॥

दुःखदेखि डराएर भाग्नेको गति के हुने
उद्देश्य कसरी पुग्ला शिखर कसरी छुने ?
दुःख सुख दुवै मिल्छन् कर्ममा अघि सर्नु रे !
असल कर्म गर्दामा सम्पूर्ण मिल्दछन् भरे ॥२३०॥

लता-वृक्ष सबै मिल्दा मात्र नै बन्छ जङ्गल
सबैका वंश आफ्नै छन् बस्छन् मिली बराबर ।
वंशवृद्धि गरी आफ्नो बाक्लो जङ्गल भैदिने
सबैको लक्ष्य यौटै छ अस्तित्वमा बसी दिने ॥२३१॥

घनिष्ठता रहेको छ सबैको बिचमा सधैँ
गुनासो कहिल्यै छैन मिलेका छन् तिनी सधैँ ।
आपसी प्रेमका साथ कुम जोडेर बस्दछन्
प्रतिस्पर्धा कतै छैन आफैमा सब मस्त छन् ॥२३२॥

पशुपंछी बसेका छन् यत्रतत्र रमाउँदै
आधार वृक्ष नै ठानी हाँगा रूख समाउँदै ।
प्राणी असभ्यले गर्दा वृक्षले दुःख पाउँछन्
स्वार्थ पूरा गराएर घाउ चोट लगाउँछन् ॥२३३॥

वृक्षकै फल ती खाई भोको पेट अघाउने
बसेर काखमा राख्दा सकेसम्म सताउने ।
सहँदै वृक्षले पीडा साथ दिन्छन् निरन्तर
अरूको सुखका लागि सधैँ नै हुन्छ तत्पर ॥२३४॥

क्षणिक लाभका लागि अत्याचार सधैँ गरी
वृक्षको नाश गर्दै छ समाज यो घरी घरी ।
वृक्षको नाशले गर्दा जीवको वास भत्किने
नरहे विश्वमा वृक्ष जीवको अन्त्य भैदिने ॥२३५॥

सिलाई उध्रियो आज लाज ढाक्न अयोग्य भो
हतारोसँग भो काम गरेको सब नाशियो ।
कसको स्वार्थले गर्दा गाँठोलाई बिगारियो
सिएको कपडालाई बलैसँग उधारियो ॥२३६॥

टुक्रा-टुक्रा भयो वस्त्र धागोलाई चुँडी दिँदा
धारणा कसरी गर्ने अस्तित्व नै गुमी दिँदा ।
आपसी द्वन्द्वले गर्दा आफ्नै वस्त्र उधारियो
तमासे मित्रका लागि यो रञ्जन गराइयो ॥२३७॥

आफन्त जनका लागि हेर्नै मुस्किल भो अब
झुकाई शिरको टोपी बाध्य छन् हिँड्न ती सब ।
पुनः सिलाउने ठाउँ देखिँदैन कतै पनि
सहजै कसरी बन्ला सग्लो वस्त्र यसै पनि ॥२३८॥

सम्हाल्न नसके वस्तु नाश हुन्छ यसैगरी
चालक नपरे राम्रो यान लड्छ त्यसैगरी ।
अरूको रिस गर्नाले पीडा मात्र सधैँ हुने
अनेकौँ दुष्टको सामू आफू एक्लो भई दिने ॥२३९॥

सुन्ने र पर्खने बानी देखिँदैन कतै पनि
आफू सर्वज्ञ नै ठान्ने प्रवृत्ति छ जता पनि ।
अरूको छिद्र खोजेर पुगिँदैन कतै पनि
सबैको हित सोचेमा काम बन्छ सधैँ अनि ॥२४०॥

अस्तित्व सबको हुन्छ सबैले बुझ्नुपर्दछ
आफूलाई अरूजस्तै बनाई बाँच्नुपर्दछ ।
अरूलाई दिँदा धक्का आफैमा पर्छ सङ्कट
अरूको हात थामेमा आफैको टर्छ सङ्कट ॥२४१॥

अरूको नलिँदा चासो सजिलो बन्छ जीवन
हलुको रहँदा यात्रा सजिलो हुन्छ उक्लन ।
व्याप्त छ वायु सर्वत्र देखिँदैन कतै पनि
मिलेर रहँदासम्म अटाइन्छ त्यहाँ पनि ॥२४२॥

सम्मान अन्यको गर्दा आफ्नो इज्जत बढ्दछ
प्रेमयुक्त भए वाणी सबैको मन जित्दछ ।
मधुर जसको वाणी मिलेर बस्न सक्दछ
अनेकौं मुटुका साथ सहजै अट्न सक्दछ ॥२४३॥

भोग इच्छा गरे त्याग दुःखले साथ छोड्दछ
दुःख छैन भने साथ सुखको स्थान मिल्दछ।
रातको अन्त्यका साथै दिनको सुरु भैदिने
अँध्यारो लोप भैदिन्छ उज्यालो दीप भो भने ॥२४४॥

बोक्न नसकिने भारी नगर्नु कोसिसै पनि
सकिने काम हेरेर गर्नुपर्दछ थालनी
थालेको कामको अन्त्य गरेरै बस्नुपर्दछ
बिचमा काम छोड्नाले नोक्सानी तब गर्दछ ॥२४५॥

वृक्ष जति बढी दिन्छ उत्ति नै बोझ बढ्दछ
अनेकौं दृष्टिका चोट त्यसले खप्नुपर्दछ।
प्राणी र सृष्टि योबाट जोगिने कसरी भनी
जरा हाँगा सबैलाई बलियो पार्दछन् पनि ॥२४६॥

छहारी जसको मिल्छ उसैमा फल मिल्दछ
त्यसैमाथि सधैँ प्राणी गर्ने प्रहार गर्दछ।
अत्याचार यहाँसम्म सहने वृक्षले अब
दिन बन्द गरे हुन्छ छहारी फल ती सब ॥२४७॥

पात्र योग्य भए मात्र प्रयोग गर्नुपर्दछ
पात्रलाई नियालेर राम्ररी जाँच्नुपर्दछ ।
नअड्ने पात्रमा राख्दा सुरक्षा डुब्छ त्यै पनि
बुझेर नगरे काम पछि दुःख हुनेछ नि !॥२४८॥

टाढा गएर बस्दैमा टाढा नै हुनुपर्छ र ?
मनलाई सँगै राखे नजिकै हुन सक्दछ ।
मनको तार जोडेमा नजिकिन्छ सधैँभरि
बलियो हुन्छ त्यो नाता खाल्टाहरू सबै पुरी ॥२४९॥

नजिकै रहँदा मात्र नजिकै मन हुन्छ र ?
काँडा र फूलको नाता नदेखेझैँ भयो भर ।
नजोडी मनको तार नजिकै बन्न मिल्छ र ?
नभई तारमा शक्ति बिजुली बल्न सक्छ र ?॥२५०॥

जोडिन्छ कसरी नाता मनको तार भिन्न छ
जोडेमा मनको तार सम्बन्ध सब मिल्दछ ।
मन मिल्दा सबै मिल्छ बाहिर-भित्रका कुरा
दूरी नै बिचमा हुन्न प्यारा हुन्छन् सबै कुरा ॥२५१॥

चञ्चले मन यो हाम्रो दौडिदिन्छ जताततै
स्थिर भै अड्न गाह्रो छ अल्मलिन्छ यतै कतै ।
व्यवहार भए राम्रो आपसी मन मिल्दछ
विश्वास बलियो बन्दा मनमा प्रेम खिल्दछ ॥२५२॥

दशकौँ साथमा बस्दा नमिल्ने हुन्छ यो मन
उपयुक्त मिले साथी मिल्न सक्दछ तत्क्षण ।
सिसाभैँ टुट्न यो सक्छ, यत्नले राख्नुपर्दछ
टुटेमा जोड्न मिल्दैन सिसाभैँ फाल्नुपर्दछ ॥२५३॥

अरूको घरमा देख्छु उज्यालो छ, सबैतिर
सँगैको घर यो आफ्नो अँध्यारो छ निरन्तर ।
आफन्तले गए छाडी उजाड घर यो भयो
कसरी हुन गो यस्तो दिउँसै रात भैँ भयो ॥२५४॥

आमा बुवा र पत्नीले देहत्याग गरी गए
सन्तान सब ती आफ्नै कर्म क्षेत्र खटी रहे ।
बस्दै छु घरमा एक्लै पर्खेर कालको गति
हिजोका दिन सम्झन्छु परिवर्तन भो स्थिति ॥२५५॥

आमाको स्वर गुञ्जिन्छ बोलाएझैँ सधैँभरि
बुवाको पदको चाप आइदिन्छ यसैगरी ।
रातो साडी लगाएकी पत्नीको रूप देख्दछु
छोराछोरी सबैलाई आँगनैतिर भेट्दछु ॥२५६॥

परिवारसँगै बस्दा घर यो स्वर्ग झैँ थियो
भएका चिज बाँडेर खाँदा आनन्द मिल्दथ्यो ।
शङ्ख घण्ट सधैँ बज्थे फूल हाँस्थे नि बागमा
पूजाका पात्र ती सज्थे पत्नीका पुण्य हातमा ॥२५७॥

उज्यालो थ्यो सबै ठाउँ सफा सुन्दर थे सधैँ
घर यो घर झैँ लाग्थ्यो आनन्द मिल्दथ्यो सधैँ ।
सम्झना मात्र भो बाँकी अब छैन कुनै कुरा
मनमा छट्पटी हुन्छ बितेका सम्झिँदा कुरा ॥२५८॥

रमाइलो कतै छैन बोझ लाग्दै छ जीवन
खाली गाग्रीसरी भैगो अबको बाँकी जीवन ।
नबुझी सकिँदो रैछ बाल्यावस्था र यौवन
एक्लिँदा मात्र पो हुन्छ सुख र दुःखका क्षण ॥२५९॥

धन-सम्पत्ति सम्मान खोज्दैमा जिन्दगी गयो
उमेर ढल्किँदै जाँदा ती सबै व्यर्थ भै गयो ।
थाकेका घाउ बल्झिन्छन् पीडाले मुटु पोल्दछ
सहेरै गर्दछौँ काम सर्वदा आँसु बग्दछ ॥२६०॥

चाडबाड सबै पर्व अर्थ राख्दैन क्यै पनि
सकेजति गरेकै छु घिसार्दै छु अझै पनि ।
अँधेरी रातको यात्रा एक्लै गर्नु छ बाहिर
कहाँ गएर टुङ्गिन्छ कहाँ पुगिन्छ आखिर ॥२६१॥

आफ्नाकै चाहनालाई पूरा गर्नु छ तैपनि
अरूकै नाम गाँसेर गराइन्छ क्रिया अनि ।
जसको नाममा हुन्छन् पीडादायी क्रियाहरू
चाहना उसको हुन्न पीडामा हुन्छ ऊ बरु ॥२६२॥

अबोध जीवको हत्या गराइन्छ जताततै
बलिदिने दिई संज्ञा हत्या हुन्छ जतासुकै ।
अबोध जीवको आँसु देख्दा ढुङ्गो रसाउँछ
आफ्नै सन्तानको लाश देखेर को रमाउँछ ॥२६३॥

चाहना नबुझी यस्तो जबर्जस्ती गर्‍यौँ भने
परिणाम कता जान्छ के भोग्नुपर्ने हो भरे ।
जसको नाममा दिन्छौ बली त्यो लिने गर्छ र ?
पूरा गर्न सबै स्वार्थ हत्या नै गर्नुपर्छ र ?॥२६४॥

सबैमा प्राण प्यारो छ उस्तै छ सबमा रज
प्राणको स्रोत यौटै हो यौटैमा मिल्दछन् सब ।
अर्कोलाई निली बाँच्ने बाध्यता कसरी भयो ?
बलिया जीवका सामु निर्धाले नबसे भयो ॥२६५॥

अन्याय सहनै पर्ने निर्धाले नि सधैँभरि
निर्धामाथि सधैँ हुन्छ अत्याचार यसैगरी ।
दैवको हो कि यो इच्छा यही नै न्याय हो कि त
न्यायको याचना गर्न कहाँ जाने र कोसित ॥२६६॥

न्याय दिने स्वयंले नै अन्याय गर्दछन् भने
जन्मदाता स्वयंले नै आँखा चिम्म गरे भने ।
के गर्न सक्छ निर्धाले बाँच्नको अर्थ के रह्यो
जन्म भो दुःखको लागि दुःखमै अन्त्य त्यो भयो ॥२६७॥

अँगेना अब पाइन्नन् चुलाचौका कता गए
दाउरा बाल्नुको साटो ग्याँस र बिजुली भए ।
कसौँडी र कराईको अब पालो पुगिसक्यो
चिम्टा र बाँसको ढुङ्ग्री चुलोसँगै हटी सक्यो ॥२६८॥

ओदान भैसके दान देखिँदैन कतैतिर
यन्त्रयुक्त चुला आए घरैघर सबैतिर ।
पकाउन भयो राम्रो धुवाँ धुलो हिँडी सके
नबल्दा दाउरा काँचा हुने दुःख कमी भए ॥२६९॥

आमा-दिदी र बैनीको खोक्ने गति भयो कम
राम्रो लक्षण यो आयो खोकी हट्यो अरू दम ।
सफा भो घरको भान्सा धुलो छैन कतैतिर
आँखामा थामिए आँसु धुवाँ छैन कतैतिर ॥२७०॥

गोठ खोर भए खाली गौ बाख्रा नहुँदा कतै
खोज्नुपर्ने भयो आज पञ्चगव्य सधैँ सधैँ ।
कुँडेमा दूध पाइन्न अँगेनामा कतै पनि
दही खोजेर पाइन्न गाउँबेसी कतै पनि ॥२७१॥

दही मथ्ने मदानी र ठूला ठेकी कता गए
आवश्यक नठाने रै नेती घुर्रा सुती रहे ।
दही जमाउने मौडा आवश्यकै पऱ्यो किन ?
दूध बिक्री भई दिन्छ बिहान साँझ औ छिन ॥२७२॥

सालका पातका बोता दुना र टपरी पनि
हराए हातको सीप मेशिनले सबै बुनी ।
माटो र काठका भाँडा विस्थापित हुँदै गए
प्लाष्टिक कागजे आए सीप ह्रास हुँदै गए ॥२७३॥

स्थानीय वस्तुको माग घटेर शून्य झैँ भयो
गरीब देश बन्दै गो धनी त अन्य देश भो
विदेशी वस्तुको मोह बाँड्नाले देश भासियो
वस्तु आयात गर्दैमा देशको कोष रित्तियो ॥२७४॥

स्थानीय जातका बीज सबैको नासिँदै गयो
बिउकै लागि यो देश पर निर्भर भै गयो ।
स्वदेशी वस्तुको ख्याति कति विदेशमा थियो
कमाइ देशको हुन्थ्यो समृद्ध देश यो थियो ॥२७५॥

स्वदेशी वस्तुको आज देशमै स्थान खोसियो
आफन्त दुःखमा पारी अरूकै देह पोसियो ।
हेरी नाफा र नोक्सान हुने गर्छन् सबै कुरा
क्रय-विक्रय नै हुन्छन् अस्तित्वका सबै कुरा ।।२७६।।

समाज फेरिँदै आयो आधुनिक हुँदै गयो
पुरानो सभ्यता आफै नासिएर कता गयो ।
मुखुण्डा झैँ भए मान्छे हरायो सब लक्षण
यन्त्रको दास भो मान्छे ऊसँगै हुन्छ तत्क्षण ।।२७७।।

देश विदेशको यात्रा सहजै गर्छ मानिस
आफन्तसँगको वार्ता सहजै गर्छ तत्क्षण ।
विश्व सानो भए झैँ छ गतिशील सबैतिर
छरिए वस्तु झैँ मान्छे संसारमा सबैतिर ।।२७८।।

प्रकृतिसँगको नाता टाढा हुँदै गयो सब
प्रकृति नरहे साथ बाँच्ने हो कसरी अब ।
पछिल्ला दिनमा मान्छे खोक्रो बन्दै छ यो किन ?
बुद्धि विवेक औ ज्ञान क्षीण हुँदै छ छिन्छिन ।।२७९।।

अनेकौँ रोगले ग्रस्त मान्छे मात्र भए अब
औषधी नित्य भो साथ यसैमा व्यस्त छन् सब ।
खानामा शुद्धता छैन जीवनी अस्तव्यस्त छ
सक्रियता घट्यो आज संयन्त्र सब सुस्त छ ॥२८०॥

नेपाली जनको भाग्य दैवले कसरी रच्यो
सधैँ नै दुःख मात्रै छ सुख त सपना भयो ।
व्यवस्था फेरिंदै गर्दा आशाको दीप बल्दछ
अनेकौँ भावना जन्मी आफैमा मन रम्दछ ॥२८१॥

पुग्दैन सबको इच्छा थोरैले सुख पाउँछन्
देश र जनतालाई खाली हात बनाउँछन् ।
व्यक्तिगत लिई स्वार्थ पदमा पुग्दछन् जब
सत्ता र शक्ति पाएर बिर्सने गर्दछन् सब ॥२८२॥

परिवर्तन भो कस्तो थाहा छैन कतै पनि
आफै आफै बने नेता शक्तिशाली धनी पनि ।
आफै बन्ने रचे खेल सोझालाई छकाइयो
आसै-आस सजाएर सोझालाई सिँगारियो ॥२८३॥

मल जल भए मात्र वृक्षमा फल लाग्दछ
दानापानी नपाएमा दुहुनु गाई थाक्दछ।
धराले उब्जनी दिन्नन् स्याहार नगरी कन
बन्दैन कहिल्यै देश राष्ट्र प्रेम नभै कन ।।२८४।।

खेतीयोग्य धरा आज मासिँदै मासिँदै गए
युवाशक्ति विदेशैमा भासिँदै भासिँदै गए।
सीपयुक्त युवालाई राष्ट्रमै राख्नुपर्दछ
यथायोग्य दिई काम सन्तुष्ट पार्नुपर्दछ ।।२८५।।

देखिँदैन कतै आज युवा सन्तुष्ट देशमा
बाध्य भै बाँच्नकै लागि जाँदै छन् ती विदेशमा।
देशमै राख्नको लागि राज्यले सक्नुपर्दछ
रेमिटेन्स लिने इच्छा राज्यले त्याग्नुपर्दछ ।।२८६।।

यात्रा उल्टो भएजस्तो बुझ्दैन राज्यले किन ?
उचाइ लिनुको साटो तल झर्दै छ यो किन ?
राष्ट्रप्रेमी युवा आज थलिएसरी छन् किन ?
बेसहारा भए जस्तै देखिँदै छन् तिनी किन ?।।२८७।।

नीति नै नभएजस्तो राजनीति भयो किन ?
विधिविना चलेजस्तो देश बन्दै छ यो किन ?
न्याय पाइन्न निर्धाले सडेरै मर्नुपर्दछ
सहेरै बाँच्नका लागि सधैँ नै सोच्नुपर्दछ ।।२८८।।

भ्रष्टाचार रहेसम्म उन्नति हुन्छ नै कहाँ ?
कसरी बन्छ त्यो देश नेता नै भ्रष्ट छन् जहाँ ।
अगुवा जसरी हिँड्छन् पछिका हिँड्दछन् उतै
अगुवा सच्चिए मात्र सच्चिनेछन् अरू सबै ।।२८९।।

प्रणाली फेरिँदै मात्र फेरिँदैन सबै कुरा
सोचाइ फेरिनै पर्छ व्यक्ति भित्र सदा सदा ।
पुरानै सोचले मात्र परिवर्तन हुन्छ र ?
एउटैबाट के दूध सधैँ नै मिल्न सक्छ र !।।२९०।।

पार्टीले मात्र यो देश ढाकेको छ सबैतिर
बुझेर नबुझेरै हो जनता गर्दछन् भिड ।
पार्टीको नबनी मान्छे काम बन्दैन क्यै पनि
पछि लाग्न भए बाध्य बुझेका जनता पनि ।।२९१।।

योग्यको कदरै हुन्न चाकडी गर्नुपर्दछ
मिलेमा सबका साथ नोकरी हात पर्दछ ।
नभए मान्छे आफन्त नखोजे हुन्छ जागिर
भित्र भित्रै सबै मिल्छ थाहा पाइन्न बाहिर ॥२९२॥

बडाका हात धेरै छन् छाम्न पुग्छन् जताततै
गतिला वस्तु छाड्दैनन् आँखा पुग्छन् उतै उतै ।
खेलाडी देशका मान्छे खेलाइने पछिल्तिर
नेतृत्वले गरे गल्ती झुक्नेछ देशको शिर ॥२९३॥

बगर खोस्रिँदा माछा भेटिँदैन कसैगरी
आकाशे धानको खेती हुने छैन त्यसैगरी ।
वायुमा गन्ध फैलिन्छ जस्तो गन्ध भए पनि
अग्निले ताप नै दिन्छ जहाँ बल्नुपरे पनि ॥२९४॥

पृथ्वीले सहनै पर्छ जस्तो चोट परे पनि
सहेर बस्नु नै पर्छ आफन्तले गरे पनि ।
अनेकौं रूप आकार हुँदै अस्तित्वमा हुने
आधार सृष्टिको बन्दै पानी सर्वत्र भैदिने ॥२९५॥

पञ्चतत्त्व मिली हुन्छ धर्तीमा सृष्टि सर्वदा
कुनै तत्त्व भए अन्त्य प्राणी हुँदैन सर्वदा ।
अमूल्य तत्त्वको आज विनाश गर्छ मानव
देवता बन्न छाडेर बन्दै छ किन दानव ?॥२९६॥

प्रकृति सबको साझा सबैले बस्नुपर्दछ
प्रकृति यो बचाएर सबैले राख्नुपर्नछ ।
सबैले भूमिका आफ्नो निर्वाह गर्नुपर्दछ
कर्तव्य सबले ठानी सुरक्षा गर्नुपर्दछ ॥२९७॥

कल्याण यसमै हुन्छ सबैले बुझ्नुपर्दछ
सबैको हित जो हुन्छ त्यो काम गर्नुपर्दछ ।
बेलैमा बुझ्न यो सक्दा सुरक्षा हुन सक्दछ
प्राणीको वासले मात्र संसार भव्य बन्दछ ॥२९८॥

बलियो घर त्यो आफ्नो भत्कायौ यसरी किन ?
छिमेकी बन्धुका लागि बनायौ खुसीको क्षण ।
मिलेर रहँदासम्म कल्याण सबको थियो
गुमायौ घरको शान जब त्यो घर भत्कियो ॥२९९॥

परिवार मिली बस्न मूलीको भूमिका हुने
नभए बलियो मीयो दाइँ नै कसरी हुने ।
यात्रु धेरै बसेका छन् चालक एक मात्र छ
यात्राको स्थिति के हुन्छ उसैमा भर पर्दछ ॥३००॥

समस्या नहुने काम पाइँदैन कतै पनि
सुखै सुख हुने ठाउँ भेटिँदैन कतै पनि ।
सबैको चाहना यौटै हुँदैन बुझ्नुपर्दछ
साझा अस्तित्व ठानेर मिलेर बस्नुपर्दछ ॥३०१॥

उत्कृष्ट लक्ष्यका साथ काममा जुट्नुपर्दछ
आपसी सहयात्राको उद्देश्य लिनुपर्दछ ।
लक्ष्यमा पुग्नका लागि प्रयत्न गर्नुपर्दछ
नलिई मनमा क्लेश मिलेर अड्नुपर्दछ ॥३०२॥

अरूको हितमा हुन्छ आफ्नो हित सधैँभरि
अरूको हित सोचेमा आफ्नो हुन्छ कसै गरी ।
आफूभित्र अरू खोज अरूमा पनि बस्नु छ
नचुड्ने प्रेमको डोरी बलियोसँग कस्नु छ ॥३०३॥

जे रोपिन्छ उही फल्छ अर्को फल्दैन क्यै गरी
बुझेर बीज रोपेमा चाहेको फल्दछन् भरी ।
सही बीज भएमात्र गतिलो फल लाग्दछ
दोषयुक्त भए बीज फलमा दोष बस्दछ ।।३०४।।

गतिहीन भए पानी स्वच्छता हट्न सक्दछ
स्वच्छ पानी भए मात्र प्रयोग गर्न मिल्दछ ।
सक्रिय रहँदासम्म शक्ति सञ्चार भैदिने
शक्तिहीन भए प्राणी ज्युँदै लाशसरी हुने ।।३०५।।

शक्तिकै साथ पाएर चलेको छ सबै जग
नभए शक्ति सञ्चार खरानी झैँ हुने सब ।
अनेकौँ वस्तुमा व्याप्त अदृश्य रूपमा रही
सञ्चालन सबै गर्ने प्राणशक्ति दिने भई ।।३०६।।

बुझिन्न कसरी चल्छ संसार यो सधैँभरि
देखिन्न कसरी फुल्छ फूल आफै थरीथरी ।
प्राणी हुन्छ निदाएको संयन्त्र सब चल्दछ
सञ्चालन कतैबाट भएको हुन सक्दछ ।।३०७।।

सबै आफै चलेको छ आफै नै बन्द हुन्छ त्यो
कसैले रोक्न सक्दैन चल्दैन सबबाट त्यो ।
अदृश्य शक्ति जे गर्छ हुने गर्छ सबै कुरा
स्विकार्नु सबले पर्छ जे जे हुन्छ सबै कुरा ॥३०८॥

नहुँदा देहमा शक्ति विश्व नै व्यर्थ लाग्दछ
नहुँदा चक्षुमा दृष्टि विश्व नै शून्य लाग्दछ ।
साथमा रहँदासम्म सामान्य जन ठानिने
आफन्त नहुँदा साथ महत्त्व अनि जानिने ॥३०९॥

आवेगमा गरे काम पछुतो हुन गैदिने
जलेको देखिँदा लाश जिन्दगी बोध भैदिने ।
नरोपी फलको आस मूर्खले मात्र गर्दछ
अरूको नलिई साथ कसरी दीप बल्दछ ॥३१०॥

प्रयत्न नगरी आफै के प्राप्ति हुन सक्छ र ?
आफूमा नभए ज्ञान अरूमा बाँड्न सक्छ र ?
पानीमा रहँदासम्म माछा पौडिन सक्दछ
नहुँदा साथ पानीको माछाको प्राण सुक्दछ ॥३११॥

चेतना रहँदासम्म शक्तिले काम गर्दछ
देखिँदैन कहाँबाट फूलमा रस झर्दछ ।
चलेको सबले देख्छ चालक गुप्त बस्दछ
लुकेर काम त्यो गर्छ संसार तब चल्दछ ॥३१२॥

अरूलाई सताएर सुखको आस गर्दछौ
क्षणिक सुखको लागि अरूको प्राण हर्दछौ ।
सबैको सुखका लागि योजना तर्जुमा गरौं
जलाई प्रेमको दीप सुवास सबमा छरौं ॥३१३॥

अरूलाई हँसाएर आफू हाँस्न सक्यौं भने
अरूलाई बँचाएर आफू बाँच्न सक्यौं भने ।
बाँचेको सार भेटिन्छ खुसीको मूल फुट्दछ
सुख शान्ति र आनन्द त्यहीं नै सब जुट्दछ ॥३१४॥

जमेर कसरी बस्नु बग्न चाहन्छ जीवन
दबेर कति हो बस्ने उड्न चाहन्छ यो मन ।
मागेर कति यो बाँच्ने पौरख नगरी कन
सहेर कति हो बाँच्ने अरूमा खुसी भर्दिन ॥३१५॥

अरूको भरिया बन्दै कहिलेसम्म घिस्रिने
आश्रित अरूमा बन्दै अरूकै भक्त भैदिने ।
आफ्नो अस्तित्व त्यागेर पर आश्रित भैदिँदा
आत्म सम्मान अड्ला र ! पराश्रयी सधैँ हुँदा ॥३१६॥

स्वतन्त्र बाँच्नका लागि स्वभाव बन्नुपर्दछ
प्रभावमा हिँडेसम्म इशारा मान्नुपर्दछ ।
हावापानी जताको छ उतैको भाव बढ्दछ
सङ्गत जसको हुन्छ उसैको रङ्ग चढ्दछ ॥३१७॥

म आफै बाँच्न सक्नेछु भन्ने सोच कता गयो
आत्मशक्ति बढाएर काम गर्न सके भयो ।
गरेमा नहुने काम के नै हुन्छ यहाँ भनी
दृढ विश्वासका साथ लाग्नु छ काममा पनि ॥३१८॥

स्वावलम्बी भए मात्र स्वाभिमान उदाउँछ
हिमाली वीरको टोपी शिरमा नै सुहाउँछ ।
चाहना नहुँदासम्म प्राप्ति हुँदैन क्यै पनि
चाहना दृढ भो मात्र ढोका खुल्छ सबै अनि ॥३१९॥

अनेकौँ जीवको बास धर्तीमा जसरी भयो
सबैको घर हो धर्ती सबैको प्रिय यो रह्यो ।
आफ्नो वंश बढाएर खुसी भै सब मस्त छन्
प्रकृतिसँगको नाता जोडेर सब बस्तछन् ॥३२०॥

भित्र छन् सबका कर्म उद्देश्य पनि भिन्न छन्
दैनिकी पनि भिन्नै छ स्वभाव पनि भिन्न छन् ।
आफ्नो आफ्नो गरी कर्म बसेका छन् सबै मिली
मान्छे मात्र भयो कस्तो सक्दैन बस्न यो मिली ॥३२१॥

आफू आफू लडी बस्छन् आफ्नाकै नाश गर्दछन्
अरूलाई सताएर व्यर्थमै दङ्ग पर्दछन् ।
तेरो मेरो भनी लड्दै जिन्दगी पार गर्दछन्
अनेकौँ कष्ट भोगेर जिउँदै लाश बन्दछन् ॥३२२॥

सङ्कीर्ण सोच बोकेर शक्तिको आडमा बसी
कुकृत्य गर्नका लागि तत्पर छन् सधैँभरि ।
आफ्नो लाभ हुने काम जे पनि गर्न तत्पर
सत्यको मार्ग छोडेर झुटमै खेल्छ अक्सर ॥३२३॥

अरूबाट सिकौँ हामी कसरी बस्नुपर्दछ
सबैलाई लिई साथ कसरी बाँच्नुपर्दछ।
थुपारी धन सम्पत्ति के काम लाग्छ नै भरे
देखेर सिक्नु पो पर्छ कसले के कति लगे ॥३२४॥

बाँचेकै छन् सबै प्राणी पाएको जति जीवन
रमाएझैँ सबै लाग्छ आलाप नगरी कन
स्वधर्म सबको हुन्छ गर्दै छन् सबले यहाँ
विचलित भयो मान्छे के गर्दै पुग्छ यो कहाँ ?॥३२५॥

***

# स्रष्टापरिचय

| | | |
|---|---|---|
| नाम | : | विष्णुप्रसाद पन्त |
| जन्ममिति | : | २००७ फागुन १ गते |
| जन्मस्थान | : | बिर्ता देउराली गा.वि.स. वडा नं. ६, पाटीगैरा, काभ्रे |
| हालको ठेगाना | : | का.म.न.पा. वडा नं. ७, चाबहिल, काठमाडौँ |
| पिता | : | गुणनिधि पन्त |
| माता | : | धनलक्ष्मी पन्त |
| शिक्षा | : | - एम.ए. अर्थशास्त्र (२०३६, त्रि.वि.) |
| | | - एल.एल.बी. (२०३९, त्रि.वि.) |
| प्रकाशित कृति | १) | बजारशास्त्रको सिद्धान्त - २०४६ |
| | २) | सम्झनाको भुल्कामा (कवितासङ्ग्रह - २०६०) |
| | ३) | हिँड्दा हिँड्दै (कवितासङ्ग्रह - २०६४) |
| | ४) | अनुभूतिका तरङ्गहरू (सूक्तिसङ्ग्रह - २०६६) |
| | ५) | स्मृतिका तरङ्ग (संस्मरण– २०७१) |
| | ६) | बोध – (कवितासङ्ग्रह २०७१) |
| | ७) | सम्झनाका क्षितिजमा मन्जु (संस्मरण-२०७४) |
| | ८) | बेलायतदेखि क्यानडासम्म (नियात्रा-२०७७) |
| | ९) | फूलको सुगन्ध (हाइकुसङ्ग्रह-२०७८) |
| | १०) | मनको साइनो (साइनोसङ्ग्रह-२०७८) |
| | ११) | सम्झनाका सुसेली (सुसेलीसङ्ग्रह-२०७९) |
| कार्यरत संस्थाहरू | १) | २०३७ सालदेखि पशुपति क्याम्पसमा अर्थशास्त्र विषयमा प्राध्यापन करिब ३० वर्ष |
| | २) | पशुपति क्याम्पस, चाबहिलमा २०३८ सालदेखि निरन्तर सहायक क्याम्पस प्रमुख र २०६३ सालदेखि २०७१ सालसम्म |
| अध्यक्ष | : | दीपिका ईङ्लिस स्कुल, चाबहिल (२०७७ सलासम्म) |
| | | गुणनिधि पन्त स्मृति |
| | | नव पुस्तकालय तथा ज्येष्ठ नागरिक मिलन केन्द्र |
| संस्थापक | : | पशुपति क्याम्पस, चाबहिल |

दीपिका ईङ्गलिस स्कुल, चाबहिल
रिलायन्स सहकारी संस्था, चाबहिल-संरक्षक

सदस्य :

१) व्यवस्थापन समिति-पशुपति मित्र मा.वि., चाबहिल (२०७२ सालसम्म)
२) अर्थशास्त्र विषय समिति, अर्थशास्त्र विभाग, त्रि.वि.वि., कीर्तिपुर २०६०-६३ ।
३) पशुपति क्याम्पस, चाबहिल (२०७८ सालसम्म)
४) वर्ल्ड वाइड सोसियल सर्भिस सेन्टर
५) मुक्तिनाथ दर्शन साहित्य समाज

सल्लाहकार :

१) जनकल्याण उच्च मा.वि., बौद्ध, महांकाल
२) राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसियसन नेपाल, काठमाडौँ कमिटी

अभिनन्दन, सम्मान र पदक

१) २०५८ सालमा पशुपति क्याम्पसद्वारा सम्मान
२) २०६२ सालमा पशुपति क्याम्पसद्वारा अभिनन्दन
३) २०६२ सालमा त्रि-ज्योति उच्च मा.वि.द्वारा सम्मान
४) २०६२ सालमा शिक्षा दिवस पदकसहित प्रमाणपत्र प्रदान (शिक्षा तथा खेलकूद मन्त्रालयद्वारा)
५) २०६६ सालमा युनिभर्सल पिस फेडरेशनद्वारा पिस अवार्थ
६) २०६७ सालमा पशुपति साहित्य अभियानद्वारा स्रष्टा सम्मान
७) २०६८ सालमा भद्रा घले शिक्षा सदनद्वारा सम्मान
८) २०६९ सालमा शान्ति र विकासका लागि नागरिक आवाज संस्थाद्वारा 'राष्ट्र विकास सेवा सम्मान २०६९' प्रदान
९) राष्ट्रिय सेवा सम्मान २०७१ (नेपाल युवा समाजद्वारा)
१०) राष्ट्रिय सेवा सम्मान २०७३ (नागरिक एकता समाजद्वारा)
११) शिक्षा सेवा सम्मान २०७४ (फोकस नेपाल)

***